का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक २९०
- २४ पुस २०७६, बिहीबार
- 9 January 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# हच्किए देउवा

**पार्टी मुख्यालय सानेपामै आफू विरुद्ध बहुमत संख्यामा जिल्ला सभापतिहरूले भेला गरे पछि सभापति शेरबहादुर देउवा हच्किएका छन् । बरिष्ठ नेता रामचन्द्र पौडेल समूहको यो भेलामा सामेल जिल्ला सभापतिहरुलाई देउवाले बुढानिलकण्ठ बोलाएर दिवा भोजकै व्यवस्था मिलाएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं/२३ पुस

नेपाली कांग्रेसका जिल्ला सभापतिहरूको बैठक सकिएको छ । कांग्रेस पार्टी कार्यालय सानेपामा तीनसम्म चलेको जिल्ला सभापतिको बैठकले पार्टी सभापति शेरबहादुर देउवालाई एक पक्षीय निर्णय सच्चाउन संगठित दबाब दिने निष्कर्ष सहित सकिएको हो । भेलामा भएको छलफलको विषय र सुझाव लिखित रुपमा सभापति देउवालाई बिहीबार (आज) बुझाउँनेछ । देउवालाई बिहीबार बुढानीलकण्ठमा भेटेर लिखित रुपमा परामर्शपत्र बुझाउने तयारी छ ।

देउवाले पनि सभापतिको भेलालाई आफूले सकारात्मक रुपमा लिएको सन्देश दिँदै त्यहाँ भएको छलफल र सुझाव आफूलाई प्रस्तुत गर्न बूढानिलकण्ठ बोलाएका छन् । देउवाले जिल्ला सभापतिहरूलाई दिवा भोजको पनि व्यवस्था गरेका छन् । सानेपामा असन्तुष्ट पक्षले बहुमत प्रदर्शन गरेपछि देउवा हच्चिएको र सहमति गरेर अघि बढ्न आफू तयार रहेको सन्देश वरिष्ठ नेता रामचन्द्र पौडेललाई पठाएका थिए ।

भेलाको समापन सत्रलाई बुधबार सम्बोधन गर्दै वरिष्ठ नेता रामचन्द्र पौडेलले सभापतिको भेला गुट विशेषको भेला नभएर कांग्रेसको भेला भएको उल्लेख गरेका थिए । यसले कांग्रेसलाई अझै एकजुट हुन र सुदृढ हुन ऊर्जा दिएको उनको भनाइ थियो ।

पार्टी महामन्त्री शशांक कोइरालाले बहुमतको आडमा गरिएका एकपक्षीय निर्णय नसच्चाए अर्को कदम चालिने चेतावनी दिए । 'अब सहमति गरेर महाधिवेशको तयारीमा जुट्नुको विकल्प छैन', उनले भने । नेता प्रकाशमान सिंहले पार्टीको परम्परालाई बिर्सिएर एकल निर्णय गर्दा पार्टी दुर्घटनामा पर्ने तर्फ सभापतिलाई सचेत गराए ।



तीन दिने भेलाले औपचारिक प्रस्ताव वा निर्णय केही नगरे पनि बहुमतको आडमा पेलेर अघि बढ्न खोजेका सभापति देउवालाई सोच्च र सच्चिन पर्याप्त दबाब दिएको छ । भेलामा सहभागी अधिकांश नेता तथा जिल्ला सभापतिले गुटबन्दीले पार्टी तहसनहस भएको, सभापति देउवा आफ्नो गुट बलियो बनाउन लागेको, सहमतिमा भन्दा पनि एकपक्षीय रुपमा निर्णय गर्न थालेको आरोप लगाउँदै पुस ११ गते निर्णय सच्चाउनुपर्ने माग राखेका थिए ।

बहुमत जिल्ला सभापति सहभागी भएको भेलामा वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्री कोइराला, नेता सिंह, डा रामशरण महत, अर्जुननर सिंह केसी, कृष्णप्रसाद सिटौला, बलबहादुर केसीलगायतका नेताले सम्बोधन गरेका थिए । त्यसैगरी चन्द्र भण्डारी, धनराज गुरुङ, गगन थापा, गुरु घिमिरे, प्रदीप पौडेल, बद्री पाण्डेलगायतका युवा नेता पनि भेलामा भाग लिएका थिए ।

# कीर्तिमानी सन्तोष

**शहीद स्मारक ए डिभिजन लिगमा सन्तोष साहुखल एक सय गोल गर्ने पहिलो खेलाडी बनेका छन् । थ्रीस्टारबाट ए डिभिजन लिग शुरू गरेका सन्तोसले च्यासलबाट सय गोल गर्ने पहिलो खेलाडीको कीर्तिमान कायम गरे ।**




**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २३ पुस

शहीद स्मारक ए डिभिजन लिग फुटबलमा च्यासलको स्ट्राइकर सन्तोष साहुखलले १०० गोलको कोषे ढुंगा पार गरेका छन् । नर्भस नाइनटी नाइनमा पछिल्ला २ खेमा रोकिएका सन्तोषले बुधबार नेपाल पुलिस विरुद्ध २ गोल गर्दै लिगमा व्यक्तिगत गोल संख्या १०१ बनाए । पाँचौं चरणको खेल अन्तर्गत बुधबार विभागीय क्लब नेपाल पुलिससँग भने च्यासल बराबरी खेलेको छ ।

दशरथ रंगशालामा पुलिस बिरुद्धको खेलमा सबैको नजर सन्तोष माथि नै थियो । लिगका सुरुवाती दुई खेलमा तीन गोल गरेर शतकको नजिक पुगेका सन्तोष त्यस पछिका दुई खेलमा गोल विहीन हुन पुगे । चिसो मौसममा च्यासल पुलिस बिरुद्ध उत्रदा खेलको पाँचौ मिनेटमा नै गोल खान पुग्यो । पुलिसका लागि निरकुमार राईले गोल गर्दै विभागीए टिमलाई अग्रता दिलाए ।

तर, खेलमा एक शुन्यले पछि परेको अवस्थामा सन्तोषले १७औं मिनेटमा गोल गर्दै टीमलाई बराबरीमा मात्र पुऱ्याएनन् । ए डिभिजन लिगमा एक सय गोल गर्ने पहिलो खेलाडी बने ।

यो गोल सन्तोष आफैका लागि पनि निकै विशेष थियो । त्यसैले पनि उनले गोल गरेपछि उनी मात्र होइन, क्लवका समर्थक र खेलाडी निकै खुसी भए । तर, खेलको ४० औं मिनेटमा च्यासलले फेरि गोल खायो । यसपटक पुलिसका लागि सुमन लामाले गोल गर्दै टिमलाई पुन: २-१ को अग्रता दिलाए । तर ५९औं मिनेटमा फेरि सन्तोषले च्यासललाई बराबरीमा ल्याए ।

उनले हेमनको पासमा गोल गर्दै टिमलाई दुई दुईको अवस्थामा पुर्याए । त्यसपछि दुबै टिमबाट थप गोल हुन सकेन र दुबैले एक एक अंक बाँडे ।

२०६३ देखि २०६९ साल सम्मको लिगमा करिअरको उच्च फर्ममा रहेका सन्तोषले सो बेला हरेक लिगमा डबल फिगरमा गोल गरेका थिए ।

२०६० सालमा पहिलो पटक थ्री स्टारबाट खेलेका भक्तपुरे सन्तोषले पहिलो सिजनको लिगमा नै ६ गोल गरेका थिए । ललितपुरको थ्रीस्टार क्लवमा हुँदा उनले एकै सिजनमा धेरै गोल गर्दै खेलाडीको सूचीमा परे । यसका साथै उनी सर्वाधिक गोलकर्ताको पुरस्कार पनि पाउन सफल भएका थिए ।

थ्रीस्टारबाट लिगको सुरुवात गरेका सन्तोषले नयाँ कीर्तिमान भने च्यासलबाट बनाउने लगभग निश्चित छ । लिगको करिअरमा उनको सबैभन्दा धेरै गोल थ्रीस्टारबाट नै गरे । उनले थ्रीस्टारबाट ६ सिजन खेल्दा ५२ गोल गरेका थिए । यस्तै मनाङबाट १६ गोल गरेका थिए ।

एन्फा एकेडेमी बाँकी पृष्ठ २ मा

# कुटनीतिक नियोगलाई 'हाई अलर्ट'को निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं/२३ पुस

मध्यपूर्वी देशका नेपाली कूटनीतिक नियोगलाई उच्च सतर्कता 'हाई अलर्ट' मा रहन परराष्ट्र मन्त्रालयको निर्देशन दिएको छ । इरान-अमेरिका तनावको प्रभाव मध्यपूर्वी देशहरूमा रहेका नेपालीमा पनि पर्न सक्ने आकलन गरी परराष्ट्र मन्त्रालयले आफ्ना कूटनीतिक नियोग र महावाणिज्यदूतका कार्यालयहरूलाई उच्च हाई अलर्टमा रहन निर्देशन दिएको हो ।

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीको पहलमा श्रममन्त्री रामेश्वर राय यादव, परराष्ट्र सचिव शंकरदास वैरागी र श्रम मन्त्रालयका सचिव विनोद केसी लगायतको उपस्थितिमा भएको छलफलपछि कूटनीतिक नियोग र महावाणिज्यदूतका कार्यालयहरूलाई



तीन बुँदे निर्देशन दिइसकेको परराष्ट्र मन्त्रालयका सहसचिव भरतराज पौड्यालले जानकारी दिए ।

अमेरिकाले हवाई आक्रमणबाट इरानका सैन्य प्रमुख कासिम सुलेमानीको हत्या गरेपछि दुई देशबीच उत्पन्न तनाव अहिले उत्कर्षमा छ । आफ्ना सैन्य प्रमुख मारिएको जवाफमा इरानले इरबिल र अल-अशद शहरमा रहेको दुई वटा अमेरिकी सुरक्षा अड्डामा एक दर्जनभन्दा बढी मिसाइल प्रहार गरी अमेरिकी सेनाको हत्या गरेको दाबी गरिएको छ ।

इराकका छिमेकी देशहरू इरान-अमेरिका तनावको चेपुवामा छन । यूनाइटेड अरब इमिरेटस् (यूएई) र साउदी अरबमा समेत इरान-अमेरिका तनावको बाछिटा पुगिसेको छ । कुनै पनि बेला ती देशहरूमा समेत बाँकी पृष्ठ २ मा

# सम्बन्धनका लागि २० करोड घुस ! झुटो आरोप लगाइयो: गिरी

मध्यान्ह संवाददाता
काठमाडौं/२३ पुस

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष श्रीकृष्ण गिरीमाथि २० करोड घुस मागेको आरोप लागेको छ । झापाको बीएण्डसी मेडिकल कलेजका सञ्चालक दुर्गा प्रसाईंले कलेजको सम्बन्धनका लागि उपाध्यक्ष गिरीले घुस मागेको आरोप लगाएका हुन् । पत्रकार सम्मेलन गरेर प्रसाईंले उक्त आरोप लगाएका हुन् । आरोप लगाएको केही समयपछि नै गिरीले त्यसको खण्डन गर्दै आरोप झुठो भएको बताएका दाबी गरेका छन् ।

प्रसाईंले बुधबार बानेश्वरमा पत्रकार सम्मेलन गरी गिरीले आफूलाई द्वारिका होटलमा बोलाएर २० करोड मागेको आरोप लगाए । प्रसाईंले बीएण्डसीलाई सम्बन्धन माग्दै निवेदन लिएर मंसिर १५ गते बिहान ११ बजे आफू चिकित्सा शिक्षा आयोग गएको गिरीले साँझ द्वारिका होटलमा बोलाएको दाबी गरे । उनले २०-५० लाखदेखि एक करोडसम्म दिनसक्ने भए पनि २० करोड मागेपछि आफूले दिन नसक्ने भनेर फर्किएको बताए ।

प्रसाईंले आफूले सो रकम दिन नसक्ने भनेपछि गिरीले सम्बन्धनको निवेदन नै दर्ता गर्न नमानेको आरोप लगाए । तर, गिरीले भने त्यसलाई खण्डन गर्दै यसले आफ्नो मानहानी भएकाले कानूनी उपचार खोज्ने चेतावनी दिए । बुधबार नै गिरीले पनि पत्रकार सम्मेलन गरेर गिरीले प्रसाईंको आरोप कपोलकल्पित भएको बताए ।

गिरीले विकृत मनस्थिति भएका व्यक्तिले यस्तो आरोप लगाएको भन्दै त्यसमा कुनै सत्यता नभएको जिकिर गरे । उपाध्यक्ष गिरीले आरोप पुष्टि गर्न चुनौतीसमेत दिए ।

## पूर्वश्रममन्त्रीहरुको सुझाव
# 'रोक्न सकिन्न वैदेशिक रोजगार'

**मध्यान्ह संवाददाता**
काठमाडौं/२३ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले आन्तरिक तथा वैदेशिक रोजगारीका लागि आगामी दिनमा चाल्ने कदमहरुका सम्बन्धमा पूर्व श्रम मन्त्रीहरुसंग छलफल गरेका छन् । मन्त्रालयले २०४६ सालपछि श्रम मन्त्रीको जिम्मेवारी सम्हालेका करीव डेढ दर्जन पूर्व श्रम मन्त्रीहरुलाई निमन्त्रणा दिएको भएपनि बुधबारको छलफलमा ४ जना मन्त्रीहरु मात्र उपस्थित थिए । बुधबारको छलफलमा पूर्व श्रम मन्त्रीहरु मुकुन्द न्यौपाने, कमल चौलागाई र सरिता गिरी मात्र उपस्थित भए । श्रम मन्त्रालयको नेतृत्व नगरेका भएपनि पूर्व मन्त्री रामचन्द्र झा पनि छलफलमा सहभागी रहेका थिए ।

श्रम मन्त्री यादवका प्रेस संयोजक विजय यादवका अनुसार मन्त्री यादवले आफु मन्त्रालयको जिम्मेबारीमा आएपछि डेढ महिनाको अवधिमा गरेका कामहरु र मंगलबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका ३ महिने बाँकी पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

### तलव नपाए उजुर गर्नु : मलेसिया

**काठमाडौं/मस–** मलेसियाले सम्झौता अनुसार तलव सुविधा नपाए आफ्नो श्रम विभागमा उजुरी गर्न नेपाली कामदारहरुलाई आग्रह गरेको छ । नेपाली कामदार ठगिमा पर्ने तर श्रम विभागमा उजुरी हाल्न हिच्किचाउने गरेको भन्दै मलेसियाको मानव संसाधन मन्त्रालयले विना हिचकिचाहट श्रम विभाग जान आग्रह गरेको छ । मलेसियाको रोजगार ऐन १९५५ले मलेसियामा काम गर्ने सबै मजदुरहरुका अधिकार सुनिश्चित गरेको उल्लेख गर्दै मानव संसाधन मन्त्राले भनेको छ, 'उक्त ऐनले कामदारको कल्याण र सुरक्षाका लागि उक्त ऐन बलियो सुरक्षा कवचका रुपमा रहेको छ, रोजगारदाता र कामदारबीच भएको करारनामाको पूर्णत: कार्यान्वयन हुनुपर्छ भन्ने ऐनको मुख्य शर्त हो ।' मलेसियामा त्यहाँको चर्चित दैनिक 'दि स्टार'को जनवरी २ तारिखको सम्पादकलाई लेखिएको एक पत्रमा नेपाली कामदारहरु माथि व्यापक शोषण भएको उल्लेख थियो । पत्रमा मलेसियाको पेनाङ शहरमा कार्यरत नेपाली सुरक्षागार्डले हप्तामा सातै दिन १२ घण्टा काम बाँकी पृष्ठ २ मा

Nepali License भएका ड्राइभरहरुलाई UAE को Semi Govt. कम्पनीमा रोजगार

कम्पनी : AL GHAZAL TRANSPORT

LT. No.: 215933

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Light Vechcle Driver | 83 | 50 | 1700 | ५२,७०० |
| 2. | Heavy Bus Driver | 50 | 0 | 1500 | ४६,५०० |

Nepali License तथा GCC License भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिराकल पार्टी प्यालेस धुम्बाराही काठमाडौंमा २०७६ पुस २४ गते (आजै) (9 January. 2020) मा हुनेछ ।

NIRMAL HR SOLUTION PVT. LTD.
Chandol-4, Saraswati Marg, Kathmandu, Nepal
Tel.: 01-4357047, 9844410375, 9804931201

तु-आवश्यकता

PRO - 5 Male/Female
Documentation - 2 Male/Female
Receptionist - 1 Female

Fine Job Recruitment Pvt.Ltd.
Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512

आवश्यकता

रिसेप्सनिष्ट : १ महिला
+2 Pass, अंग्रेजीमा दक्ष भई कम्प्युटर सम्बन्धी ज्ञान भई मेनपावर क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
डकुमेन्टेशन : २ महिला
+2 Pass वा सो सरह भई कम्प्युटर सम्बन्धी ज्ञान भई मेनपावर क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब आपसी सहमतिमा

हेराल्ड ईन्टरनेशनल प्रा. लि.

# प्रदेशसभामा अधिकांश हेटौंडाको पक्षमा

**काठमाडौं/मस**–प्रदेश-३ ले स्थायी राजधानीका विषयमा अध्ययन आवश्यक रहेको बताइएको छ। बुधबारको प्रदेशसभा बैठकमा प्रवेश पाएको स्थायी राजधानीको विषयले उपयुक्त स्थानको छनौट गरी सुझाव दिन अघिल्लो वर्षको वैशाखमा प्रदेशसभा सदस्य दीपक निरौलाको संयोजकत्वमा बनेको कार्यदलले सदनलाई बुझाएको प्रतिवेदनका बारेमा छलफल भएको छ।

बैठकमा प्रतिवेदनमाथि छलफल होस् भनी संयोजक निरौलाले प्रस्ताव राख्नुभएको थियो। छलफलका क्रममा आफ्ना धारणा राख्ने अधिकांश प्रदेशसभा सदस्यले स्थायी राजधानीका लागि हेटौंडा नै उपयुक्त हुने बताए। काभ्रेका बसुन्धरा हुमागाईंलगायत केही सदस्यले भने राजधानीका लागि काभ्रेपलाञ्चोक नै उपयुक्त हुने धारणा राखेका छन्।

प्रदेशको १३ जिल्लामध्ये आठ जिल्ला काभ्रेसंग जोडिएको बताउँदै प्रदेशसभा सदस्य हुमागाईंले काठमाडौंबाट नजिक रहेको काभ्रेलाई राजधानी तोक्नुपर्ने बताए। उनले काभ्रेबाट काठमाडौं आउजाउ गर्न नजिक हुने हुँदा मन्त्री, नेता तथा कर्मचारीलाई आउजाउमा सहज हुने बताए। धारणा राख्ने क्रमको अन्तमा उनले 'मुटुमाथि ढुङ्गा राखी हाँस्नुपर्‍या छ' भन्ने नारायण गोपालको गीतको हरफ सुनाउँदै नेकपा शीर्ष नेतृत्वको निर्देशन पालना गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको संकेत समेत गरे।



प्रदेशसभामा ललितपुरबाट निर्वाचित सांसद् विद्या श्रेष्ठले हेटौंडा नै उपयुक्त रहेको बताइन्। उनले त्यहाँको वातावरण, भूगोल, सामरिक महत्व भारतसंगको नाकाबाट नजिक आदि धेरै कारण हेटौंडालाई नै स्थायी राजधानी बनाउनुपर्ने उनको धरणा थियो। दुईवर्ष अलमलिएको प्रदेश राजधानीलाई फेरि नयाँ ठाउँमा सारेर अरू दुई वर्ष अलमल गर्नुहुन्न भन्दै श्रेष्ठले इतिहासमा पनि मकवानपुर राजधानी भइसकेको उल्लेख गरे।

अर्का सदस्य गीता वाग्लेले प्रदेशको राजधानी हेटौंडा नै हुनुपर्ने दाबी गरे। प्रदेशसभा सदस्य वाग्लेले देउवा सरकारले धेरै सोचेरै विगतमा अस्थायी राजधानी घोषणा गरेको र अहिले सत्तापक्षले पनि यसलाई सोचेरै स्थायी बनाउने निर्णय गरेको हुनुपर्ने बताए। मुकुन्द सेनले समेत राजधानी बनाएको मकवानपुर धेरै हिसाबमा राजधानीका लागि सही छ उनले भने।

प्रदेशसभा बैठकमा मुख्यमन्त्री डोरमणि पौडेलले स्थायी राजधानी र नामाङ्कनका लागि सबै दललाई एक बनाएर सर्वसम्मतिमा निर्णय गराउन थाल्नुभएको पहलले काम गरेको आभास हुन्थ्यो। प्रदेश ३ को प्रदेशसभामा नेकपा एक्लैको दुई तिहाई बहुमत भए पनि महत्वपूर्ण विषय भएका कारण प्रमुख प्रतिपक्षी काँग्रेस र अन्य दलहरुबीच पनि सहमति गरेर अधिकतम सहमतिमा निर्णय गरेर सबै दलहरुलाई समेत अपनत्व दिलाउने पक्षमा मुख्यमन्त्री पौडेल रहनुभएको जनाइएको छ।

मुख्यमन्त्री पौडेलले नेकपा सचिवालयको सुझावअनुसार नै निर्णय गराउने र त्यसका पक्षमा विपक्षी दलहरुलाई समेत सहमत गराउन प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता इन्द्रबहादुर बानियाँ, राप्रपाका प्रदेशसभा सदस्यहरु रीना गुरुङ, रीता माझी, विवेकशील नेपाली दलका सदस्य रमेश पौडेल, नेमकिपाका सुरेन्द्रराज गोसाईंलगायतका प्रदेशसभा सदस्यहरुसंग समेत छलफल गरेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

भेटघाटमा सबै दलले नेकपालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको मुख्यमन्त्रीका स्वकीय सचिव अनुप पौडेलले जानकारी दिनुभयो। सोमबारको प्रदेशसभा बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता बानियाँले प्रदेशको राजधानी थुप्रै रणनीतिक कारणले हेटौंडा नै उपयुक्त हुने धारणा राख्नुभएको थियो। उाले नेपाली काँग्रेसले हेटौंडालाई राजधानी बनाउने र प्रदेशको नाम वाग्मती राख्ने विषयमा आपत्ति नजनाएको र केही प्रक्रियाको मात्र विरोध गरेको बताए।

नेकपाकै केही नेताहरुले हेटौंडा अपायक वा कुनो परेको भन्ने गरेकोप्रति नेता बानियाँले सामरिक महत्वलाई ध्यान दिनुपर्ने भन्दै विगतमा सर्लाहीको सदरमुकाम राजमार्गमा नराखेर एकछेउ मलङ्गवामा राखिनु, धनुषाको जनकपुर, महोत्तरीको जलेश्वर, रौतहटको गौर, बाराको कलैयामा राखिनु पनि खास कारण रहेको र त्यस्तै कारण भएकाले प्रदेश ३ को राजधानी हेटौंडा उपयुक्त हुने उनको भनाइ थियो। हिजो संघीयता नहुँदासमेत मध्यक्षेत्रको मुकामका रुपमा हेटौंडालाई नै तोकिनु, सेनाको मध्यपृतना, प्रहरीको मध्यक्षेत्रीय कार्यालयलगायत सुरक्षा अङ्गहरु पनि हेटौंडामा नै राखिनुका पछाडि पनि गहिरो सुझबुझ र रणनीतिक कारण भएको भन्दै बानियाँले हेटौंडाको पक्षमा आफ्नो. मत राखेका छन्।



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवका साथमा नवनियुक्त श्रम काउन्सिलर निर्मला घिमिरे (युएई) र जीवनकुमार राई (साउदी अरेबिया) तथा श्रम सहचारीहरू दामोदर दाहाल (बहराईन) र अनुज गौतम (कतार)। *तस्वीर दामोदर दाहालको फेसबुकबाट।*

# उखु किसानका समस्या प्रदेश सरकारले समाधान गर्ने

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश-२ का सचिव डा. गोविन्द शर्माले उखु किसानका समस्या प्रदेश सरकारले नै गर्ने बताएका छन्। उनले प्रदेश-२ मा ६० प्रतिशत बढी उखु किसान रहेकाले उनीहरुको समस्या प्रदेश-२ सरकारले समाधान गर्ने बताए।

उनले प्रदेश-२ मा देखिएको कृषि तथा उखु क्षेत्रको समस्या समाधान गरी त्यसको विकासका लागि प्रदेश-२ सरकारले मार्गचित्र बनाउन लागेको बताए। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले क्षेत्रीय कृषि अनुसन्धान केन्द्र परवानीपुरमा आयोजना गरेको प्रदेशस्तरीय एकदिने कृषि प्राविधिक कार्यशालामा सचिव शर्माले प्रदेश-२ को आठ जिल्लामा कृषि क्षेत्रको विकास, डेरी उद्योगको स्थापना तथा उखु किसानको समस्या समाधान गर्न प्रदेश सरकारले रोडम्याप तयारी गर्न लागेको बताए। आठ जिल्लाका सम्बन्धित कार्यालयका प्रमुखले आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि कार्ययोजना, स्वीकृति भएका कार्यक्रम प्रस्तुत गरेका थिए।

अनुगमन तथा मुल्यांकन महाशाखा नार्कका प्रमुख सुधा सापकोटा, जिल्ला समन्वय समिति बाराका संयोजक नवलकिशोर सिंह, मुख्य वैज्ञानिक डा सुरेन्द्रलाल श्रेष्ठ, परवानीपुर गाउँपालिकाका प्रमुख हरिनारायण साहलगायतका वक्ताले प्रदेशको विकासको आधार कृषि भएकाले यसको विकासप्रति प्रदेश सरकार गम्भीर हुनुपर्ने माग गरे।

# प्रादेशिक सूचना आयोग गठन गर्न सुझाव

**काठमाडौं/मस**–राष्ट्रिय सूचना आयोगले सूचना अधिकारी तोक्ने र सूचना पाउने अवस्थामा सुधार आएपनि प्रादेशिक सूचना आयोग गठन गर्नेलगायत आफूहरुले दिएका कतिपय सुझाव कार्यान्वयन नभएको जनाएको छ।

आफ्नो पाँचवर्षे कार्यकालको अन्तिम दिन आज आयोजित अन्तर्क्रिया कार्यक्रममा आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले सङ्घीयता लागू भएका भारत, क्यानडाजस्ता मुलुकमा प्रादेशिक सूचना आयोग गठन भएकाले नेपालले पनि त्यसमा ढिलाइ गर्न नहुनेमा जोड दिए। उनले संविधानमा सूचना माग्ने र पाउने मात्रै हक रहेकामा प्रवाह गर्ने अधिकारसमेत थप्नुपर्ने र सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा संशोधन गरी आयोगलाई संवैधानिक बनाउने लगायतका विषय परिमार्जन हुनुपर्ने सुझाव पनि दिएको जानकारी दिए।




आफ्नो कार्यकालमा सूचनाको हकको महाअभियान नै सञ्चालन गरेको र स्थानीय तहहरुमा समेत सूचना अधिकारी तोक्ने अभ्यासको थालनी भएकामा सन्तोष व्यक्त गरे। आयुक्त किरणकुमार पोखरेलले लोकतन्त्रमा सूचना जनताको स्रोत र शक्ति हो भन्ने बोध गराउन यसबीचमा भएका कामबारे सम्बन्धित क्षेत्रले उचित मूल्याङ्कन गर्ने बताए। अर्का आयुक्त यशोदा तिम्सिनाले सूचना अधिकारी र सञ्चारकर्मी सूचनाको हकका वास्तविक अभियानकर्मी भएकाले उनीहरुसंगको सहकार्य बढाइएको उल्लेख गरेका छन्।

संविधानको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानूनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिनेछैन' उल्लेख छ। यसको कार्यान्वयनका लागि आयोगले विभिन्न प्रवर्द्धनात्मक कार्य गर्दै आएको छ।

आयोगले राजनीतिक दल, निजी क्षेत्र र गैरसरकारी संस्थालाई समेत सार्वजनिक निकायको परिभाषामा ल्याइनुपर्ने, हरेक तीन-तीन महिनामा सूचनाको स्वत: प्रकाशन नगरे दण्डको व्यवस्था हुनुपर्ने, सूचना अधिकारीको योग्यता र सुविधा तोकिनुपर्ने, सूचना माग्ने कार्याविधिको समयावधि छोट्याउनुपर्ने, आयोगका पदाधिकारीको नियुक्ति प्रधानमन्त्रीको अध्यक्षतामा विपक्षी दलका नेतासमेत रहेको समितिले सिफारिस गरी राष्ट्रपतिबाट हुनुपर्ने, सूचनाको वर्गीकरण तीन महिनाभित्र गर्नुपर्ने तथा कार्यालय प्रमुख र सूचना अधिकारीबाहेकलाई पनि सूचना दिनुपर्ने विषयको दायित्व हुनुपर्ने गरी कानूनमा संशोधनका लागि नेपाल सरकारलाई सुझाव दिएको छ।

यस्तै मन्त्रिपरिषद्का निर्णयको सूचना अनिवार्य प्रवाह गर्ने, मौखिक र विद्युतीय सूचनाको व्यवस्था गर्ने, विश्वविद्यालय र विद्यालयको पाठ्यक्रममा सूचनाको हकलाई समावेश गर्ने, सूचनादाताको संरक्षणसम्बन्धी नियमावली बनाउने, सबै स्थानीय तहमा सूचनाको हकसम्बन्धी 'एम्बुड्सम्यान' गठन गर्ने, आयोगको प्रतिरक्षा गर्ने प्रणाली बनाउने र बाझिएका कानून संशोधन गर्नेलगायत ११ बुँदे सुझाव पनि आयोगले आफ्नो पछिल्लो वार्षिक प्रतिवेदनमा दिएको छ। आयोगको वर्तमान नेतृत्वको यस अवधिमा प्राप्त पुनरावेदनका मुद्दामा चार हजार ७६४ आदेश जारी भएका थिए। आव २०७५/७६ मा कूल एक हजार १४४ पुनरावेदन परेकामा सबै फछ्र्यौट भएको आयोगले जनाएको छ।

# विपद् व्यवस्थापनमा चीनले सघाउने

चाँगुनारायण नगरपालिकाको विपद् व्यवस्थापनमा चीनले सघाउने भएको छ। बुधबार चाँगुनारायण नगरपालिका र चीनको सरकारी टोलीबीच भएको द्विपक्षीय छलफलमा चाँगुनारायणको विपद् व्यवस्थापनमा चीनले सघाउने प्रतिबद्धता जनाएको हो।



नगरपालिका प्रमुख सोमप्रसाद मिश्र, उपप्रमुख बीना बाँस्तोला, प्रशासकीय प्रमुख चिरिञ्जीवी तिमिल्सेनालगायत नगरपालिकाको टोली र चीन सरकारको पब्लिक मेट्रोलोजी सर्भिस सेन्टरका उपनिर्देशक चेन युन छेङ्गको नेतृत्वमा आएको सातजना चिनियाँ टोलीबीच भएको छलफलमा विपद् व्यवस्थापनमा चाँगुनारायण नगरपालिकालाई आवश्यक सहयोग गर्न चीन तत्पर रहेको चिनियाँ टोलीका प्रमुख एवं पब्लिक मेट्रोलोजी सर्भिस सेन्टरका उपनिर्देशक चेन युन छेङ्गले बताए।

उनले नेपालको केन्द्रीय सरकारमार्फत जलवायु परिवर्तन, मौसम र विपद् व्यवस्थापनमा आवश्यक सहयोग गर्ने तत्पर रहेको बताउँदै चाँगुनारायणको आवश्यकलाई ध्यानमा राखेर सहयोगको खाका बनाउने प्रतिबद्धता व्यक्त गरे।

चिनियाँ टोलीले चाँगुनारायण नगरपालिकाले जलवायु परिवर्तन, मौसमको अवस्थामा जानकारी दिन र विपद् व्यवस्थापनको क्षेत्रमा कस्तो काम गरिरहेको छ र यहाँ के के समस्या छन् भन्नेबारे चासो व्यक्त गरेको थियो।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख मिश्रले चाँगुनारायणको भूबनोट, जोखिमका क्षेत्रहरु, विपद् व्यवस्थापनमा नगरपालिकाले खेलेको भूमिका र आवश्यक तयारीबारे जानकारी गराउनुभएको थियो। उनले नगरपालिकाले चीनसंग साझेदारी गरेर विपद् व्यवस्थापन र मौसमको क्षेत्रमा काम गर्न चाहेको बताए।

# चीनसंग मौसम पूर्वानुमानको सूचना माग



**काठमाडौं/मस**– नेपालले मौसम परिवर्तनको सुचना दिन चीनसंग माग गरेको छ। विपद्का कारण आउने बाढी, पहिरोजस्ता विपत्तिबारे पूर्वसूचना दिन चीनसंग आग्रह गरेको छ। नेपालको करिब एक हजार ५०० किलोमिटर उत्तरी सीमाना चीनसंग जोडिएकाले त्यहाँ विपत्ति आउँदा त्यसको असर नेपालमा समेत पर्ने भन्दै पूर्वसूचना दिन नेपालले आग्रह गरेको हो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसंग बुधबार चीनको मौसम विभागका उपमहानिर्देशक चेन युङफेङ नेतृत्वको टोलीले गरेको भेटमा उनले मौसमबारे पूर्वसूचना दिन आग्रह गरेका हुन्। नेपालका अधिकांश नदीको मुहान चीन रहेको र ती नदीमा ठूला लगानीमा जलविद्युत् आयोजना र नदी किनारमा महत्वपूर्ण संरचना निर्माण भइरहेकाले चीनको मौसममा हुने परिवर्तनले आउने बाढी पहिरोको जोखिमबाट ती संचरनाको सुरक्षा गर्न सूचना जरुरी भएको औंल्याए।

पूर्वसूचनाको अभावमा दुई वर्षअघि सुनकोशी नदीमा आएको बाढीले सिन्धुपाल्चोकको बाह्रबीसे र आसपास क्षेत्र डुबानमा पर्दा ठूलो धनजनको क्षति भएको स्मरण पनि मन्त्री पुनले टोलीलाई गराएका थिए। 'हाम्रा धेरै नदीहरु चीन मुहान भएर आउँछन्, त्यसमा हामीले ठूलो लगानीमा जलविद्युत् आयोजना र अरु महत्वपूर्ण संरचना बनाएका छौं', मन्त्री पुनले भने, 'बाह्रबिसेमा जस्तै धनजनको क्षति अब नहोस् भन्नका लागि हामीलाई पूर्वसूचना जरुरी भएको छ।'

प्राकृतिक विपत्तिबारे पूर्वसूचना भए सम्भावित जोखिमबाट बच्न बेलैमा सचेतता अपनाउन सकिने उनको भनाइ थियो। सीमापारिको मौसमबारे नेपाललाई केही थाहा नहुने गरेको भन्दै उनले त्यसमा सहकार्य जरुरी रहेको बताए। 'हाम्रो विकासका पूर्वाधारको सुरक्षाका लागि चिनियाँ मौसमबारे पूर्वजानकारी अत्यावश्यक छ', मन्त्री पुनले भने। सो अवसरमा उपमहानिर्देशक युङफेङले नेपालको मौसम पूर्वानुमान विभागलाई भौतिक र प्राविधिक सहयोग गर्न र सूचना आदानप्रदान गर्न आफूहरु तयार रहेको बताए।

## कीर्तिमानी...

बाहिरबाटै पनि उमेर समुहदेखि राष्ट्रिय टिममा स्थान बनाउने खेलाडी हुन्। थ्रीस्टारबाट व्यवसायिक करिअर शुरु गरेका सन्तोष बीचमा सशस्त्र प्रहरी बल हुँदै पुनः थ्रीस्टार फर्किएका थिए। थ्रीस्टार पछि उनी च्यासलमा गत सिजन आएका थिए। अहिलेको सिजनमा पनि उनी च्यासलबाट खेलिरहेका छन्।

२०६० सालमा लिगमा डेब्यु गरेका सन्तोषले पहिलो गोल संकटा क्लब विरुद्ध गरेका थिए। करिअरको उत्तरार्द्धमा रहेका सन्तोषले अहिलेसम्म आठ वटा क्लबबाट खेलिसकेका छन्। एक सय गोलको कोषे ढुंगा पार भएपछि पत्रकारहरुसँग कुरा गर्दै सन्तोषले यसलाई आफूले सामान्य रुपमा लिएको बताए। प्रतियोगिता अन्तर्गत बुधबार भएको अर्को खेलमा ललितपुरे क्लब थ्रीस्टारले विग्रेड ब्वाईजलाई ३-१ गोल अन्तरले पराजित गरेको छ। जितसँगै थ्रीस्टार तालिकाको तेस्रो स्थानमा पनि उक्लिएको छ।

तुलनात्मक रुपमा कमजोर टिम ब्रिगेड ब्याइज बिरुद्ध थ्रीस्टारले १५औं मिनेटमा सुसान श्रेष्ठले गोल गर्न सफल भए। उनले ब्रिगेड ब्वाईजको पोष्टमा पाएको बललाई गोलमा परिणत गरे। बीबीसीका डिफेन्डरले उनलाई मार्क नगर्दा थ्रीस्टारले खेलमा अग्रता लियो। उनलाई वासियू ओलादिरानले पास मिलाइदिएका थिए। त्यसपछि ४१औं मिनेटमा थ्रीस्टारले दोस्रो गोल थप्यो। यसपटक थ्रीस्टाका लागि मिक्चेन तामाङको पासमा अनन्त तामाङले गोल गर्न सफल भए। पहिलो हाफमा दुई गोलको अग्रता बनाएको थ्रीस्टारले ५० औं मिनेटमा अर्को अवसरको सिर्जना गरेको थियो। उसका लागि वाजीयु हजमातको प्रहारलाई ब्रिगेड ब्याइजका गोलकिपर विशाल सुनुवारले मुस्किलले बचाए।

तर, ५८ औं मिनेटमा हजमातले नै गोल गर्दै थ्रीस्टारलाई तीन शुन्यको अग्रता दिलाए। तीन गोलले पछि परेको ब्रिगेड ब्याइज ६६ औं मिनेटमा १० खेलाडीमा झर्न पुग्यो। उसका दीपकराज सिंह रातो कार्ड पाउँदै मैदानबाट बाहिरीए। थ्रीस्टारका अशोक खवासलाई खराव ट्याकल गरेर लडाएपछि उनी रातो कार्ड पाउँदै मैदानबाट आउट भए।

त्यसपछि थ्रीस्टार दुईवटा अरु अवसर पाएको थियो तर गोल थप्न सफल भएन। यता ब्रिगेड ब्याइजले ८९ औं मिनेटमा एक गोल फर्काएको थियो। उसका लागि रोशन रानाले गोल गरेका थिए, तर हार भने टार्न सकेन।

## कुटनीतिक...

आक्रमण हुनसक्ने आकलन हुन थालेको छ।

वैदेशिक रोजगारीका लागि दुबई र साउदी अरबमा लाखौं नेपालीहरू कार्यरत छन्। त्यसैगरी, इजरायल, लेबनान, जोर्डन र सिरियामा पनि वैदेशिक रोजगारीका लागि नेपालीहरू पुगेका छन्। इराक-अमेरिका तनावको असर अफगानिस्तान, अजरबैजान लगायतका देशमा केही क्षेत्रमा पनि पर्न सक्ने आकलन गरिएको छ। त्यहाँ रहेका नेपाली नागरिकहरूको सुरक्षामा ध्यान दिन र समस्या परेमा जुनसुकै बेला उद्धार गर्न सक्ने तयारी अवस्थामा रहन कूटनीतिक नियोगलाई निर्देशन दिइएको सहसचिव पौड्यालले बताए।

परराष्ट्र मन्त्रालयको जारी गरेको निर्देशनमा ती देशहरूको परिस्थितिको मूल्यांकन गरी नियमित रूपमा परराष्ट्र मन्त्रालयमा जानकारी गराउन भनिएको हो। त्यसैगरी, मध्यपूर्वी देशहरूमा रहेका नेपाली नागरिकसँग नियमित र निकट सम्पर्कमा रहन र नेपाली नागरिकलाई पनि नेपाली नियोगहरूसँग नियमित सम्पर्कमा रहन अनुरोध गर्न भनिएको छ।

## पूर्वश्रम...

कार्यक्रमका बारेमा जानकारी दिई आन्तरिक रोजगारी र वैदेशिक रोजगारीका बारेमा आफ्ना अनुभव राखीदिन उपस्थित मन्त्रीहरुलाई आग्रह गरेका थिए। प्रधानमन्त्री केपी शर्मा ओलीले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने नारालाई सार्थक बनाउन बेरोजगारीको अन्त्य गर्नु आवश्यक भएकाले त्यस विषयमा केन्द्रित भएको समेत पूर्व मन्त्रीहरुलाई जानकारी दिइएको थियो।

छलफलमा सहभागी पूर्व मन्त्री कमल चौलागाईले आन्तरिक रोजगारीलाई बढवा दिँदै वैदेशिक रोजगारीलाई क्रमशः न्यून गर्दै लैजाने, आन्तरिक तथा वैदेशिक रोजगारी दुबै क्षेत्रलाई प्रविधिको माध्यमबाट पारदर्शी बनाउने विषयमा छलफल भएको बताए। उनले भने, 'मुलुकको वर्तमान अवस्थाले वैदेशिक रोजगारी रोक्न सकिन्न ,त्यसैले श्रम सम्झौताका माध्यमबाट त्यसलाई सुरक्षित बनाउँदै आन्तरिक रोजगारीका अवसर बढाउन सुझावहरु दिएका छौं।'

पूर्व मन्त्री न्यौपानेले मन्त्रालयले नयाँ योजना वा कार्यक्रम कार्यान्वयनमा ल्याउनु भन्दा पहिले सरोकारवालाहरु र यस क्षेत्रका विज्ञहरुसँग सुझाव लिनुपर्नेमा केही पूर्व मन्त्रीहरुले एकपक्षीय रुपमा निर्णयहरु गर्दै आएका कारण समस्या उत्पन्न भएको बताए। मन्त्री न्यौपानेले सस्तो लोकप्रियतावादी हुन नहुने सुझाव पनि दिए। मन्त्री यादवसँगको छलफलपछि उनले भने, 'स्वदेशी उत्पादनको विकास नभएसम्म कार्यक्रम बनाउँदैमा रोजगारी सिर्जना हुँदैन, त्यसैले आन्तरिक उत्पादन बढाउने विषयमा ध्यान दिन जरुरी छ।

## तलव...

गर्दापनि १७ सय रिंगेटमात्र पाएको उल्लेख छ। उनी विदा बसेमा प्रतिदिन १ सय रिंगिट पेनाल्टी काटिने गरको भन्दै मलेसियाको कानून अनुसार महिनाभर हप्तामा सातै दिन काम गरेमा त्यस्तो सुरक्षागार्डले २ हजार ७ सय १६ रिंगिट मासिक तलव पाउनुपर्ने जिकिर पनि पत्रमा गरिएको छ।

यसैबीच मलेसियाको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विभागले त्यहाँ सन् २०१८ मा प्रत्येक दिन एक जना कामदारको मृत्यु भएको भन्ने विदेशी सञ्चारमाध्यमहरुको दावीको अस्वीकार गरेको छ। उक्त विभागले मंगलबार विज्ञप्ति जारी गर्दै सन् २०१८ मा कार्यस्थलमा भएको दुर्घटनामा जम्मा २३ जना नेपाली कामदारहरुको मृत्यु भएको बताएको छ। विभागले मलेसियामा कार्यरत कामदारमध्ये सन् २०१७ मा ७ सय ११ र सन् २०१८ मा ६ सय ११ जनाको कार्यस्थलमा मृत्यु भएको भन्दै उक्त दावी गरेको हो। यसअघि मलेसियामा सन् २०१७ मा मलेसियामा ३ सय ६४ नेपाली कामदारको कार्यस्थलमा भएको दुर्घटनामा मृत्यु भएको समाचार सार्वजनिक भएको थियो।

# ललितपुरका सर्वसाधारण स्वास्थ्य सेवाबाट बञ्चित



**ललितपुर/मस-** काठमाडौं उपत्यकाका तीन जिल्ला मध्येको ललितपुर जिल्लामा स्वास्थ्य संस्था पुनः निर्माण हुन नसक्दा सर्वसाधारणले सास्ति पाइरहेका छन् । २०७२ सालको भुकम्पले क्षतीग्रस्त बनेका जिल्लाको ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थामा क्षति पुगेको हो । तर, भुकम्पको पाँच वर्षमा पनि निर्माणले पुर्णता पाउन सकेको छैन् ।

भुकम्पले जिल्लाका ११ स्वास्थ्य संस्थाहरु क्षति भएका थिए । क्षति भएकामध्ये सबैजसो ललितपुरका ग्रामीण भेगका स्वास्थ्य संस्था रहेका छन् । राष्ट्रिय पुनः निर्माण प्राधिकरणले स्वास्थ्य संस्था, विद्यालय जस्ता संरचनाको पुनःनिर्माणमा प्राथमिकता दिने भने पनि भूकम्पको पाँच वर्ष पुग्न लाग्दासमेत जिल्लाका सात स्वास्थ्य संस्था बन्ने नबन्ने निश्चित छैन् । स्वास्थ्य संस्थाकै नाममा लालपूर्जा भएको जग्गा नभएकाले पुनः निर्माण अघि बढ्न नसकेको जिल्ला आयोजना कार्यान्वयन एकाई (भवन) का आयोजना प्रमुख चन्द्रकाजी गुरुङले बताए ।

लालपूर्जा भएका चार स्वास्थ्य संस्थाको पुनः निर्माणको प्रक्रिया भने अघि बढेको पुनः निर्माण प्राधिकरणको भनाई छ । यसैगरी चार स्वास्थ्य संस्थाको ठेक्कापट्टा सकेर सम्झौता गर्ने तयारी रहेको आयोजना प्रमुख गुरुङले बताए ।

पुनः निर्माण गर्न लागिएका स्वास्थ्य संस्थामा महाङ्काल गाउँपालिका-१ स्थित ठूलादुर्लुम, सोही वडाको बुखेल, वाग्मती गाउँपालिका-५ स्थित इकुडोल, सोही गाउँपालिका-६ स्थित आस्राङको स्वास्थ्यचौकी भवनको काम अघि बढ्दैछ । स्वास्थ्य संस्थाकै नाममा लालपूर्जा भएको जग्गा नभएकाले कोञ्ज्योस्योम गाउँपालिका-२ शङ्खुको प्राथमिक स्वास्थ्य केन्द्र, सोही गाउँपालिका-३ दलचोकी, वाग्मती गाउँपालिका-२ को माल्टा, महाङ्काल गाउँपालिका-२ मानीखेल, महालक्ष्मी नगरपालिकाको लामाटार, गोदावरी नगरपालिका.-२ को विशंखुनारायणको स्वास्थ्यचौकी भवन र आयुर्वेद औषधालय कहिले बन्ने निश्चित हुन सकेको छैन ।

गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन सरकारी कार्यालयको भवन सार्वजनिक जग्गामा नबनाउने गरी स्वास्थ्य मन्त्रालयले तयार पारेको मापदण्ड नै संशोधन गरिनुपर्ने बताउछन् । उनी भन्छन्, 'मापदण्डपरिवर्तन नगरे स्वास्थ्यचौकी एवं आयुर्वेद औषधालयका भवन बनाउन सकिँदैन भनी पुनःनिर्माण प्राधिकरण र जिल्ला प्रशासन कार्यालयमा लेखी पठाएका छौं ।'

स्वास्थ्य मन्त्रालयले आफ्नै नाममा लालपूर्जा भएको जग्गामा मात्र स्वास्थ्य संस्था बनाउने नीति लिएकाले सार्वजनिक जग्गा भएको स्थानमासमेत पुनःनिर्माण हुन नसकेको एकाइ (भवन) ललितपुरका इञ्जिनीयर सवि श्रेष्ठले बताए । उनले भने 'काम अघि बढ्न लागेका केही संस्थाको भने स्थानीय तहको सहयोगमा सम्बन्धित स्वास्थ्य संस्थाका नाममा पूर्जा बनाएर काम शुरु गर्न लागिएको हो ।'

स्वास्थ्य संस्थाका नाममा जग्गा नभएकाले काम गर्न अप्ठ्यारो भएको विषयमा गतवर्ष नै केन्द्रीय आयोजना कार्यान्वयन एकाई (भवन) बबरमहलमा जानकारी गराइएको आयोजना प्रमुख गुरुङले बताए । स्वास्थ्य संस्थाका लागि धेरै स्थानीय तहले वनको जग्गा देखाएका थिए । वनको जग्गा हुँदैन भनी अरु खोज्न लगाइएको उनको भनाई छ ।

कोन्ज्योस्योम गाउँपालिका-२ शङ्खुमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रका नाममा तीन रोपनीमात्र जग्गा छ । जोडिएको एक रोपनी सार्वजनिक जग्गा भए पनि आवश्यक तीन रोपनी जग्गा किन्नसमेत नपाउँदा पुनःनिर्माणमा असहज भएको वडाध्यक्ष ध्रुव घिमिरेले बताए । 'स्वास्थ्यचौकी अस्थायी भवनमा चलिरहेको छ, जग्गा घटाएर भए पनि बनाइदिए हुन्थ्यो भनी अनुरोध गरिरहेका छौं', उनले भने । सार्वजनिक जग्गा खुला ठाउँका लागि छोड्नुपर्ने र वन पनि मास्न नमिल्ने भएकाले स्वास्थ्य संस्थाकै नाममा केन्द्रपर्ने स्थानमा जग्गा किन्न स्थानीय तहलाई आयोजनाले सुझाव दिएको थियो । यससम्बन्धी जानकारी प्राधिकरणको सिंहदरबार स्थित केन्द्रीय कार्यालयलाई पनि दिएकाले सार्वजनिक जग्गाका बारेमा नीतिगत निर्णय गर्ने तयारी भइरहेको जानकारी पाएको एकाइ (भवन)ले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले बनाएको मापदण्डमा १२ हजारदेखि १५ हजारसम्मको जनसंख्यालाई स्वास्थ्यसुविधा दिने प्राथमिक स्वास्थ्य केन्द्रका लागि सात रोपनी, १२ हजारसम्मको जनसंख्यालाई स्वास्थ्य सेवा दिने स्वास्थ्यचौकी भवनका लागि चार रोपनी, सात हजारदेखि १२ हजारसम्मको जनसंख्यालाई दुई रोपनी, तीन हजारदेखि सात हजारसम्मको जनसंख्यालाई डेढ रोपनी र तीन हजारसम्मको जनसंख्यालाई स्वास्थ्य सुविधा दिने स्वास्थ्यचौकीका लागि एक रोपनी जग्गा चाहिने उल्लेख छ । यो मापदण्ड विपरीत स्वास्थ्य संस्था बनाउन नपाइने भएकाले पनि पुनः निर्माणले तिव्रता पाउन नसकेको सर्वसाधारण बताउन्छन् ।

महाङ्काल गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहाल स्वास्थ्य संस्था पुनःनिर्माणका लागि जग्गाको खोजीमा लागेपरेको बताए । गाउँपालिकाको वडा नं ६, ४ र १ मा स्वास्थ्य संस्थाकै नाममा जग्गा नभएकाले काम अघि बढ्न सकेको थिएन । हाल वडा नं- १ र ६ मा खरीद भइसकेको छ भने ४ नं वडामा पनि किन्ने तयारी भइरहेको उनले बताए ।

'स्वास्थ्य संस्थाका भवन बनाउन नसक्दा भाडामा लिएर वा अन्य सहयोगी संस्थाको भवनमा स्वास्थ्य सेवा दिनुपरेको छ, आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या भएको गुनासो गाउँपालिकामा आइरहेको छ', अध्यक्ष दाहालले भने । स्वास्थ्य संस्था पुनःनिर्माणका लागि जिल्ला आयोजना कार्यान्वयन एकाई (भवन) मा बजेट आएको भए पनि स्वास्थ्य संस्थाकै नाममा जग्गा नहुँदा बन्न सकेको छैन । नीतिगत परिवर्तन गरी समस्या फुकाइदिए ललितपुरका स्वास्थ्य संस्थाको समस्या समाधान हुने अधिकांश जनप्रतिनिधिको माग छ ।

# तराईमा 'तिलासक्रान्त'



**निजगढ/मस-** पुस महिनाको अन्त्यसंगै तराईका जिल्लाहरुमा माघे संक्रान्ति अर्थात 'तिलासक्रान्त' पर्वको चहलपहल शुरु भएको छ । यस अवसरमा मध्यपूर्वी तराई क्षेत्रमा तिलासक्रान्तको रूपमा माघे मघे संक्रातीका दिन मनाइने यो पर्व प्रदेश-२ का सबै जिल्लामा मनाइने गरिन्छ। जसको तयारी केही दिन पहिले नै थालिएपछि जतातत्तै चहलपहल शुरु भएको छ ।

खासगरी तराईका जिल्लाका साथै मिथिला क्षेत्रमा माघेमघे संक्राती अर्थात तिलासक्रान्त पर्वमा तल, मुरही र चिउरालाई (सक्खर मिलाएर बनाइएका लड्डु) खाने/खुवाउने प्रचलन रहेको छ। आदिवासी थारु, दनुवार, बातर र मुसहर समुदायको यो खास पर्व हो । यी जाति वा समुदाय केही साता पहिलेदेखि नै 'तिलामघे संक्राती ' का लागि सामानको जोहो गर्न लाग्ने गरेका छन् ।

मिथिलाञ्चलमा यो पर्वको समयमा घरमा छोरीचेली/ज्वाइँचेला, भाञ्जाभाञ्जी र नातिनातिना सबै बोलाउने र रमाइलोका साथ यो पर्व मनाउने गरिन्छ । मिथिलाञ्चलका अन्य समुदायमा यस पर्वमा साकाहारी परिकारकै चलन रहे पनि थारु, दनुवार, मुसहर र बातर समुदायमा भने आआफ्नो परम्पराअनुसार खसी, कुखुरा, हाँस र सुँगुरको मासु खाने/खुवाउने परम्परा रहेको छ ।

आउनै लागेको तिलासक्रान्तको तयारी अन्य बस्तीमा भन्दा थारु बस्तीमा विशेष देखिएको छ। थारुले पर्वका लागि खसी, कुखुरा र हाँसको व्यवस्था गरिसकेका छन् । मासुको व्यवस्थाबाहेक तिल, चिउरा र मुरही एवं छोराछोरीलाई नयाँ लुगाको प्रबन्ध गर्नुपर्ने परम्पराले यो पर्व आफ्नो समुदायका लागि खास र अलि खर्चिलो हुने गरेको थारु अगुवा जयनारायण थारुले बताए ।

वर्षमा एक पटक आउने चाड भए पनि हुनेखानेलाई मात्र चाडको रौनकले छोएको अर्का भुमे मुसहरको गुनासो छ । 'हामी गरिबले भने पहिले नै चाडको सरसामानको व्यवस्था गर्नुपर्छ', उनको भनाइ छ । तिलासक्रान्त नजिकिएसंगैमिथिलाका बस्तीमा तिल कुट्ने, केलाउने र छाट्ने व्यस्तता बढेको छ। त्यसैगरी मुरही बनाउने र चिउरा कुट्ने चटारो पनि त्यतिकै देखिन्छ । पर्वका लागि बजारमा तिल, चिउरा र मुरही अहिलेदेखि नै भरिभराउ देखिएका छन्। यसबाहेक पर्वको सामान छोरीचेली र आफ्ना मितलाई कोसेलीस्वरुप पठाउने अनिवार्यजस्तै परम्पराले यो पर्वको तयारी मिथिलाञ्चलका लागि खास पर्व र महत्वको रहने गरेको छ ।

माघे संक्राती आएपछि तरुल खन्ने र बजारमा लगेर बेच्ने किसान पनि खुशी भएका छन् । आफ्नो खेतमा लगाएको तरुलले अहिले गत वर्षको तुलनामा निकै राम्रो मूल्य पाएपछि किसान खुशी भएका छन् । गएको वर्ष तरुलको मूल्य रु ३० किलोका दरले बिक्री वितरण भएको थियो भने अहिले प्रतिकिलो रु ५० देखि ८० सम्ममा बिक्री वितरण भइरहेको छ ।

# भ्रमण वर्ष सफल पार्न राजदूतावास सक्रिय

**काठमाडौं/मस-** नेपाल भ्रमण वर्ष-२०२० लार्य सफल पार्न विश्वका विभिन्न मुलुकहरुमा यस सम्बन्धी प्रवर्द्धनात्क कार्यक्रम आयोजना गरिएका छन् । चीनको राजधानी बेइजिङ, कतारको दोहा, दक्षिण अफ्रिकाको प्रिटोरिया, क्यानाडाको ओटावा, फ्रान्सको पेरिस र इजिप्टको कायरोमा त्यहाँस्थित नेपाली राजदूतावासको सक्रियतामा ती देशका नागरिकलाई नेपाल भ्रमण गर्न अभिप्रेरित गर्ने विविध प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गरेका हुन् ।

कार्यक्रमका क्रममा विश्वको सर्वोच्च शिखर सगरमाथा, विश्वशान्तिका प्रतीक गौतमबुद्धको जन्मस्थल लुम्बिनी, विश्व सम्पदा सूचीमा सूचीकृत पुरातात्विक एवम् ऐतिहासिक महत्वका स्थलको अवलोकनका साथै प्राकृतिक, सांस्कृतिक, धार्मिक एवम् भाषिक विविधताको देश नेपालको जीवनकालमा एकपटक भ्रमण गर्न नेपालका कूटनीतिक अधिकारीले आह्वान गरे ।

कायरोस्थित नेपाली दूतावासले हालै सगरमाथाको सफल आरोहण गरेर फर्किएका त्यहाँका नागरिकलाई कार्यक्रममा आमन्त्रण गरेर नेपालको पर्यटनका विविध आयाम र उत्पादनबारे जानकारी गराएको थियो। साथै दूतावासले नेपाल भ्रमण गर्न चाहने इजिप्टका नागरिकहरूका निम्ति बेग्लै सेवाकक्ष स्थापना गरेर सेवा प्रवाह थालेको जनाएको छ ।

# पाँच महिनामा ३९ पुरूष बेपत्ता

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २३ पुस

इटहरी उप-महानगरपालका-६ कि गिता चौधरीले गत असोज दोश्रो साता इलाका प्रहरी कार्यालय इटहरीमा श्रीमान उजुरी दिइन । उनको खोजीका लागि प्रहरी थुप्रै प्रयास पनि गर्‍यो । तर, अफिस हिँडेका मनोज चौधरी फेला परेका छैनन् । परिवार आफन्त र प्रहरी त्यो बेलादेखि सक्रिय रुपमा खोजी गरिरहेका छन्। उनी सम्पर्क विहिन नै छन्, कुनै अत्तोपत्तो नै छैन । यसैगरी गाउँघरमा दिपावलीको रौनकले छपक्कै छोपेको बेलामा सुरेन्द्र बमजन वेपत्ता भए। उनकी श्रीमती तारादेवी बमजनले गत कार्तिक २८ गते नै इलाका प्रहरी कार्यालय इटहरीमा उजुरी गरिन्। तर, उनको खोजी कार्य जारी रहेपनि फेला पार्न भने सकिएको छैन् । मानव बेचबिखनमा परेर महिलाहरु हराएका समाचारहरु थुप्रै पाइन्छन् । तर, विरलै सुन्न पाइने पुरूष वेपत्ता समाचारले अहिले इटहरीमा त्रास सिर्जना गरेको स्थानीय बताउँछने् ।

अचम्मको कुरा के भने, उनीहरुलाई कहाँ लगेर ? के गरियो भन्ने समेत खुल्न सकेको छैन् । चालु आर्थिक वर्षको साउन हालसम्म उप-महानगरपालिकाबाट ३९ जना पुरूषहरू वेपत्ता भएका छन्। बेपत्ता भएकाहरूको खोजविन भइरहेको भएपनि उनिहरूको कुनै अत्तो पत्तो नलागेको इटहरी प्रहरीको भनाइ छ ।

प्रहरी कार्यालयमा आएको उजुरी र प्राप्त निजको फोटो सबै प्रहरी कार्यालयहरूमा पठाइ खोजबिन तिब्र बनाएपनि कुनै अत्तो पत्तो नलागेको इटहरी प्रहरीको



भनाइ छ। बेपत्ता भएका ३९ जना मध्ये १८ जनाका श्रीमतिहरूले बिभिन्न समयमा प्रहरी कार्यालय उपस्थित भएर प्रत्यक्ष उजुरी दर्ता गराएका छन भने बाकिका २१ जनाका आफन्तहरू आएर उजुरी दर्ता गराएका हुन ।

यसरी बेपत्ता हुनेहरूमा इटहरी, पकली, हाँसपोसा क्षेत्रका रहेका छन । केहि पुरूष अर्काकी श्रीमति लिएर हिडेको, केहि रिणको कारण तनाव झेल्न नसकेर फरार रहेको र केहि पारिवारीक तनावका कारण घर छोडेर हिडेकाहरू अहिले प्रहरीको बेपत्ता शुचिमा रहेका इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी प्रमुख डिएसपी धर्मराज भण्डारीले बताए ।

उनले वेपत्ता भएका पुरषहरूको खोजि कार्य अझै पनि जारी रहेको र देशभरका प्रहरी चौकी तथा कार्यालयहरूमा पनि हराएकाहरूको तस्विर र विवरण पठाइ खोजविन जारी राखिएको बताए ।

# दश करोडको स्मार्ट पार्किङ

**इटहरी/मस-** मुलुकमै पहिलो पटक इटहरीमा स्मार्ट पार्किङ निर्माण गरिने भएको छ । इटहरी उप-महानगरपालिकाका इन्जिनियर जीवन घिमिरेका अनुसार अवको चार महिना भित्रमा स्मार्ट पार्किङ निर्माणको काम सम्पन्न भएर सञ्चालनमा आउने छन् ।

उप-महानगरपालिका वडा नम्बर-४ टयाङग्रा खोला उत्तरपूर्व अधिकारी मेडिकल हल छेउमा रहेको दुई कठ्ठा जग्गामा ६ तलाको स्मार्ट पार्किङ निर्माण गर्न लागेको हो । त्यहाँ सय वटा हल्का सवारी साधन पार्क गर्न सकिने छ। इटहरी उपमहानगरपालिकाको पहलमा संघीय सरकारले समपुरक योजना अर्न्तगत ५ करोड २० लाख



रकम विनियोजन गरेको छ। करिब १० करोड लागतमा स्मार्ट पार्किङ निर्माण हुने हुमान गरिएको छ ।

निर्माण कम्पनीका लागि सूचना गर्ने प्रक्रिया सुरु भइसकेको र सवारीधनीले त्यहाँ पार्क गराउन ल्याएपछि सफटवेयरलेनै एक क्लिकमा १ मिनेटमै खाली भएको ठाँउमा पठाउने व्यवस्था गरिएको छ । त्यस सवारीलाई एक मिनेटमै पहिला भएको ठाँउमा स्थानमा समेत पार्किङ आफैले ल्याईदिने छ ।

उक्त सिस्टम सवै अटोमेटिक हुने, सवारी धुने स्मार्ट वास र कफिसप समेत त्यही व्यवस्था हुन्छ। पार्किङ गरिसकेपछि सम्वन्धित ठाँउमा पुग्ने सवारी साधनको व्यवस्था मिलाउने बिषयमा पनि छलफल भइरहेको इन्जिनियर घिमिरेले वताए । इटहरीमा वढदो सवारी पार्क गर्ने समस्यालाई नेपालमै पहिलो पटक वन्न लागेको यो स्मार्ट स्मार्ट पार्किङले समाधान गर्ने उपमहानगरको अपेक्षा छ ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com



## सम्पादकीय

# आइ परेको कार्यभार

गत शुक्रबार यता पुरै विश्व तरंगित छ । अमेरिकाले इरानका उच्च सैन्य कमाण्डर कासिम सुलेमानीको इराकको राजधानी बगदादमा हवाई आक्रमण गरी हत्या गरेपछि विश्व प्रष्ट दुई ध्रुबमा विभाजित बनेको छ । इरानले आफ्नो प्रिय नेताको हत्या बदलामा आक्रमण नै गरिसकेको छ । मंगलबार सुलेमानीको अन्त्येष्टि गरे लगत्तै इराकस्थित अमेरिकी शिविरहरूमा आक्रमण गरेको छ । आक्रमणमा कम्तिमा ८० अमेरिकी सैनिक मारिएको इरानी सञ्चार माध्यमहरूले दावी गरेका छन् ।

लगत्तै, इराकले संसदबाट आफ्नो भूमि र आकाशबाट अमेरिकी सेना फिर्ता लैजान निर्णय नै गराइसकेको छ । इरानको चेतावनी र इराककै निर्णय आउँदा पनि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको भाषा फेरिएको छैन । ह्वाइट हाउसको निर्णय र सम्बोधनअनुसार, अमेरिकी रक्षा मन्त्रालयले कडा भाषामा इरानी क्षेप्यास्त्रको जवाफ कडा हुने चेतावनी दिइरहेको छ भने इराकलाई समेत सवैखाले प्रतिबन्धको चेतावनी दिइरहेको छ ।

मध्य पूर्व हेर्ने इरानी सैन्य कमाण्डर सुलेमानीको हत्या पछि अमेरिका समर्थित र इरानका पक्षधरहरूको आवाज प्रष्ट रूपमा आउन थालेको छ । यसले नेपाल जस्तो तेस्रो मुलुकलाई समेत चिन्तित तुल्याएको छ । अमेरिका र इरान बीचको शक्ति तकरावले नेपालको कुटनैतिक सम्बन्धलाई मात्रै नभएर प्रत्यक्ष ती क्षेत्रमा कार्यरत नेपालीकै सुरक्षा चिन्ता बढाएको छ । किनभने, युद्ध भूमिमा रूपान्तरित हुन सक्ने भूमि इराकमा झण्डै १२ देखि १५ हजार नेपाली रहेको अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरू एवम् विभिन्न सर्वेक्षणले त्यहाँ झण्डै १५ हजारको संख्यामा नेपाली रहेको अनुमान गरिएको छ ।

अप्ठ्यारो त अझ इराक पुगेका नेपालीहरू अवैध बाटो भएर गएका हुन् । २०६१ भदौ १५ मा इराक ११ नेपाली मारिए पछि नेपाल सरकारले इराक जान प्रतिबन्ध लगाएको छ । तर, राम्रो पारिश्रमिक पाउने भएकाले दलालहरू मार्फत् नेपालीहरू इराक जान छोडेका छैनन् । अहिले पनि त्यहाँ घर, रेष्टुरेन्ट, होटल जस्ता क्षेत्रमा नेपाली काम गरिरहेका छन् । तर, इराकमा जस्तो परिस्थिति निर्माण भएको छ, यसबाट त्यहाँ पुगेका नेपालीहरू नआत्तिने कुरै भएन । भलै, त्यहाँ पुगेका नेपालीहरू सरकारी नीति अवज्ञा गर्दै दलाल मार्फत् अवैध बाटो भएर गएका हुन् । तर, उनीहरूको आर्तनाद सरकारले सुन्नैपर्छ । नेपाल सरकारका लागि आइलागेको यो महत्वपूर्ण दायित्व हो ।

## सामाजिक सञ्जाल



काँग्रेस र बिधान, यो एक हास्य शब्दावली हो । काँग्रेस हुनु नै बिधान नमान्नु जस्तै हो । काँग्रेसका हरेक तहका पदाधिकारीले बिधान अनुसार काम गर्नै पर्दैन । गरेका छैनन् । काँग्रेसको कुन संगठन कहिलो पो बिधान अनुसार चलेका छन् र ? अनि संस्थागत हुनु र बिधान अनुसार चल्नु भन्नु चाँही स्थायी थेगो हो ।

**- तारानाथ दाहाल**



त्यत्रो आगो लागेको बेला उनीहरूका प्रधानमन्त्री विदेश जान हुने, हाम्रा मन्त्री उनीहरूको देश जानु नहुने ? उनीहरूले नसाँ वर्षमा त्यत्रो आतशबाजी गर्न हुने, हामीले पर्यटन वर्ष प्रवर्द्धन गर्न नहुने ? म सिडनी सिटी काउन्सिलको घोर भर्त्सना गर्दछु ।

**– अनन्त कोइराला**



कलेजहरूमा गुरूहरूमाथि सांघातिक हमला गरेका घटनाहरू अनगिन्ति छन् । भयंकर हिंसाका घटनाहरू हुँदा अकिञ्चनहरू मात्र बोलेस मेडियानिर्मित ठालुहरू बोलेनन् । यी ढाडीहरू नबोलेकै कारणले मेडियाले चर्चा–परिचर्चा गरेन । तर विदेशतिर कुनै युनिभर्सिटीमा यस्तै घटना हुँदा मेडियानिर्मित ढाडीहरू बोले ।

**– आनन्दराम पौडेल**



एकथरीले मन्त्रीको दोष छैन, उनी निर्दोष छन्। दोष जति सबै दुताबासको भन्न भ्याइसकेछन् । भनेपछि हामीले बुख्याँचालाई मन्त्री बनाएका हौं ? मन्त्रीको ज्ञान, विवेक, सोच केही हुन्न ? मन्त्रीले पनि म निकम्मा आफ्नो सोच नभएको भनेर बचावमा लेखिएको तर्क स्विकार गर्लान ?

**– विद्युत लामिछाने**

# कर्मचारीलाई कसरी सिर्जनशील बनाउने ?



■ ईश्वरीप्रसाद पोखरेल

> संघीय निजामती सेवाको ऐनले नै तीनै तहको सार्वजनिक प्रशासन, व्यवस्थापनको वैज्ञानिक मार्ग प्रदर्शन गर्ने हुनाले ऐन सर्वमान्य सिद्धान्तमा आधारित हुनुपर्दछ । यसर्थ स्थानीय र प्रदेश सेवाका उत्कृष्ट कर्मचारीहरूले निश्चित कोटामा आन्तरिक प्रतिस्पर्धाका आधारमा संघीय सेवामा पदोन्नति हुने र सेवाको निरन्तरताको गणना गरिने सुनिश्चितता कानुनले व्यवस्था गरेको हुनु न्यायोचित हुन्छ ।

मन्त्रिपरिषद पुनर्गठन भएपछि संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीका रुपमा हृदयेश त्रिपाठी आउनुभएको छ । स्थायी सरकारका रुपमा चिनिने कर्मचारी प्रशासनबारे व्यक्तिगत र राजनीतिक रुपमा उहाँका आफ्नै दृष्टिकोण होलान् ।

अवश्यपनि देशको कर्मचारी प्रशासनबारे नीतिगत निर्णय गर्ने तहसम्मको अधिकार मन्त्रीका रुपमा उहाँलाई नै हुन्छ । जसकारण उहाँले यसका प्राविधिक पक्षबारे पनि जानकारी लिनु उपयुक्त हुन्छ ।

सार्वजनिक प्रशासन नै कुनै पनि देशको समग्र विकास तथा सुशासनको आधार भएकोले यो विषयमा सबैको चासो हुनुपर्दछ । मुलुकको सार्वजनिक सेवाको मुख्य आधार के कस्तो हुने सो कुरा निजामती सेवा ऐनको व्यवस्थाबाट निर्धारण गरिएको हुन्छ । सार्वजनिक सेवाका कर्मचारीलाई मूल रुपमा नैतिक र कर्तव्यशील बनाउने तथा जवाफदेही तुल्याउने मुख्य अस्त्र सार्वजनिक सेवा नीति र ऐन नै हो । यसर्थ सरकारी सेवालाई जनमुखी, नतिजामुखी र पारदर्शी बनाउने सवालमा सरकारको नेतृत्वको भूमिका अहम् रुपमा जोडिन आउँछ ।

तसर्थ निजामती सेवा ऐनलाई समग्र सार्वजनिक सेवाको मापदण्ड विकासका आधारमा लिइने हुँदा यस्ता ऐन कानुनको निर्माणमा राज्यका सबै सरोकारवालाको ध्यान पुगेको हुनुपर्दछ । राज्य तहमा सेवा दिने बहु पक्षका सेवा प्रवाहको पद्धति विकासमा राजनीतिक नेतृत्वको विशेष ध्यान जानुपर्दछ । यसर्थ कुनै पनि निर्वाचित सरकारले चुनावी घोषणापत्र बमोजिम नयाँ बनाउने वा परिमार्जन गर्ने कानुनको प्रारम्भिक दस्तावेजलाई पार्टी पद्धतिभित्र बहसमा लगी तयार पारेपछि उक्त प्रस्तावमाथि विज्ञबाट धारणा लिएर साझा अनुमोदनमा जानु उचित हुन्छ । विधेयकमा गरिएका नयाँ प्राबधानबारे सरोकारवाला तथा आम जनताबीच व्यापक छलफल हुनु र निचोडमा पुग्नु प्रभावकारी हुन्छ ।

तसर्थ ऐतिहासिक कालखण्डदेखि अवलम्बन गरिएका सार्वजनिक सेवा सम्बन्धी आयोग, समितिका प्रतिवेदनका प्राज्ञिक अध्ययन, अनुसन्धानका पक्षहरुका मर्मलाई समयसापेक्ष परिमार्जन गरी पच्छ्याएर अग्रगामी कानुन बनाउन सक्नुपर्दछ । यसर्थ सरकारका तर्फबाट संसदमा पेस हुने कुनै पनि विधेयकलाई सर्वस्वीकार्य बनाउने र सबैको मन जित्ने तथा देशको सर्वोपरी हितमा प्रवेश गराउने दायित्व राजनीतिक हैसियतमा विभागीय मन्त्रीको नै हुने गर्दछ । अतः सफल मन्त्रीले स्वतन्त्र विज्ञ तथा सार्वजनिक सेवासित सरोकार राख्ने पेसागत इमान्दार कर्मचारीहरुका विचार लिएर आत्मसात गर्नु अति जरुरी पनि हुन सक्छ ।

यिनै मूलभूत आधारमा राज्यका सार्वजनिक सेवाका सबै पक्षहरुलाई गहन रुपमा अध्ययन, मनन गरी नव नियुक्त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय हृदयेश त्रिपाठीको गहन ध्यानाकर्षण हुन र गणतान्त्रिक संघीय निजामती सेवा ऐनको विकास र जनशक्ति व्यवस्थापन पनि त्यही रुपमा हुनु उचित हुने छ ।

एकात्मक शासन पद्धतिबाट संघीय ढाँचामा नेपालको राजनीतिक शक्ति विभाजित भएको कुरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री ज्यूले राम्ररी बुझेको हुनु पर्दछ । यो मन्त्रालयको राजनीतिक दायित्व सार्वजनिक सेवाको प्रशासन व्यवस्थापनसित मात्र सीमित छैन । सबै सेवासमूहको विश्वास जितेर उचित अभिभावकत्व प्रदान गर्दै सामाजिक तथा प्राकृतिक न्यायको पक्षमा काम गर्न सक्ने नेतृत्वको खोजी भइरहेको छ ।

संविधानले सात प्रदेश र कानुनले ७ सय ५३ स्थानीय तहको सरकारको व्यवस्था गरेको सन्दर्भमा संघीयता कार्यान्वयनमा माननीय हृदयेश त्रिपाठीज्यूको नेतृत्वको मन्त्रालय बढी चनाखो हुनु र विहंगम दृष्टिकोणबाट काम गर्न आवश्यक छ । संघीयताको अर्थ सामान्य प्रशासन सेवाका कर्मचारीको पदीय हैकम कायम हुने गरी विधेयक बनाउनु र ऐन कानुनलाई आफ्नो स्वार्थ अनुकूल चलाउनुमात्र होइन भन्ने चेतना मन्त्रीमा नहुनाले सार्वजनिक सेवा कमजोर भयो ।

संघीय निजामती सेवाको ऐनले नै तीनै तहको सार्वजनिक प्रशासन, व्यवस्थापनको वैज्ञानिक मार्ग प्रदर्शन गर्ने हुनाले ऐन सर्वमान्य सिद्धान्तमा आधारित हुनुपर्दछ । यसर्थ स्थानीय र प्रदेश सेवाका उत्कृष्ट कर्मचारीहरुले निश्चित कोटामा आन्तरिक प्रतिस्पर्धाका आधारमा संघीय सेवामा पदोन्नति हुने र सेवाको निरन्तरताको गणना गरिने सुनिश्चितता कानुनले व्यवस्था गरेको हुनु न्यायोचित हुन्छ । जनताको सर्वोच्चता संसदबाट प्रत्याभूत हुन्छ भनिएपनि धन, दौलत र विविध प्रभावमा राजनीतिक पद हत्याउने र सांसद पद पड्काउने प्रचलन पार्टी राजनीतिमा हावी हुँदै गएकोले सांसदहरुको विवेकमाथि प्रश्न उठ्ने गरेको अवस्था छ ।

साँच्चो पूर्ण प्रजातान्त्रिक व्यवस्थामा आम जनताको प्रत्यक्ष सरोकारित सार्वजनिक सेवा प्रवाह पद्धति र संगठन निर्माणको विषयमा जनस्तरमा बहस गरेकै हुनु पर्दछ । त्यसप्रतिको जनताको धारणा समेटिनु र सार्वजनिक सेवालाई जनउत्तरदायी र पूर्ण प्रजातान्त्रिक अभ्यासमा रुपान्तरण गर्न गणतान्त्रिक सरकार तयार हुनु पर्दछ । नेपालको निजामति सेवाको १२ ओटा सेवा र झण्डै पचास साठी समूह तथा सयभन्दा बढी उपसमूहका कर्मचारीलाई समान सामाजिक तथा प्राकृतिक न्यायमा कसरी जोड्न सकिन्छ ? भन्ने कुरामा सरकारको संवेदनशीलता हुनु पर्दछ । सबै सरकारी सेवासमूहका सरोकारवाला कर्मचारीहरुको पेसागत क्षमता विकास र व्यवहारिक भोगाइमा समेत कुनै विभेद नहुने अवस्था सिर्जना सरकारी तहबाट गर्नु पर्दछ । कुनै पनि सेवासमूहको कर्मचारीले वृत्ति विकास तथा सेवासुविधामा आफू मर्कामा नपरेको अनुभूति हुने गरी सार्वजनिक सेवा नीति र ऐनकानुनको व्यवस्था हुनु पर्दछ ।

नेपालको समग्र सार्वजनिक सेवाका विषयमा सरकारले स्वायत्त आयोग गठन गरोस् र त्यसबाट सबै पक्षको अध्ययन गर्ने, गराउने र अन्तिममा संविधानका अनुसूची बमोजिम तीन तह संघ, प्रदेश र स्थानीय सरकारका कार्य सम्पादन गर्न आवश्यक संगठन र जनशक्ति तय हुनु नितान्त आवश्यक देखिन्छ ।

यो प्रणालीमा प्रवेश गर्न संघीय सरकारी तहबाट बढी संवेदनशीलता खाँचो पर्दछ तर त्यस्तो उदारता राज्यको सबै सुशासन र व्यवस्थापनको जिम्मा लिएको केन्द्रीय सरकारको मुख्य प्रतिनिधि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा विगतमा चेतना भएको पाइएन । यो मन्त्रालय सामान्य प्रशासन सेवाको लागि मात्र हो भन्ने जुन भ्रम छरिएको छ, त्यसबाट माथि उठ्न विगतका प्रशासन मन्त्रीहरुले सकेनन् वा चाहेनन् ।

सार्वजनिक सेवा जस्तो महत्वपूर्ण मन्त्रालयको मन्त्री पदमा पुग्न जोसुकै, जस्तो सुकै योग्यताको व्यक्ति हुनसक्ने र मन्त्रीको हैसियतमा बोलेपछि त्यही नै कानुनमा समावेश गर्नुपर्ने ज्यादतीपूर्ण व्यवहारले देश अस्तव्यस्त भएको देखिएको छ । उदाहरण कर्मचारी समायोजन ऐन २०७५ र त्यसमा गरिएको विभेदलाई लिनुपर्ने हुन्छ । मुलुकको प्रशासनिक सुशासन, आर्थिक समृद्धि र हरेक सार्वजनिक सेवाको पक्षमा जनताको सरकारलाई प्रत्यक्ष समर्थन हुने वा विरोधमा पुराउने संयन्त्र नै सार्वजनिक सेवा प्रशासन तथा व्यवस्थापन हो । यो कुरा नेतृत्वलाई कसले बुझाउने ? सरकारी नेतृत्वमा रहेका प्रधानमन्त्री, मन्त्रीको सम्पर्कमा रह्ने पदाधिकारीहरु नै निश्चित सेवा हितमा एकोहोरिएर लाग्ने र मन्त्रीलाई प्रभावित गरी विभेदकारी ऐन अगाडि बढाउने हो भने सुशासनको जग सामाजिक तथा प्राकृतिक न्याय कसरी उपलब्ध होला मन्त्री तथा सचिव ज्यू ? प्रश्न गर्न सकिन्छ ।

बन्दकोठामा वा निश्चित समूहको स्वार्थमा पार्टी हाइकमाण्डलाई प्रभावमा पार्ने तथा सम्झौताहिन अडान राखेर पार्टी नेतृत्वको आदेशमा संसदले कानुनी प्रक्रियानुसार विधेयकलाई सामान्य परिमार्जन गरी वा हुबहु ऐनको रुपमा ढाल्ने हो भने गणतान्त्रिक प्रजातन्त्र कसरी फैलाउन सक्ला ? कतिपय निर्मित कानुनहरु सर्वमान्य हुन र विवादमा पर्दै आएकामा सरकार र नेतृत्वले सही प्रशिक्षण दिन नसक्नुको परिणाम हो ।

***(पोखरेल नेपाल सरकारका उपसचिव हुन् ।)***

# प्रदेश नामकरणमा सकस

**मुलुकमा गाउँबाट सहर र पहाडबाट तराई बसाइँ सर्ने क्रम रोक्न, बविकासको फल न्यायोचित रूपमा सबै ठाउँका जनताले प्राप्त गर्ने हो भने प्रत्येक प्रदेश उत्तिकै सम्पन्नशाली बनाउनु जरूरी छ ।**



डा. रामहरि ढकाल

मुलुक संघीयतामा प्रवेश गरी सात प्रदेशमा विभाजन भएसँगै प्रशासनिक निकायहरू पनि सोही अनुरूप विभाजन गर्ने क्रममा सरकारद्वारा सातै प्रदेशको अस्थायी राजधानी तोकेर काम गर्दै आएको छ । केही प्रदेशको स्थायी नामकरणसमेत भइसकेको छ । स्थायी रूपमा राजधानी तोक्नेदेखि नाम राख्नेसमेत सम्पूर्ण अधिकार प्रदेश सभामा नै निहित भएको कुरा वर्तमान संविधानमा उल्लेख भएकाले यो काम प्रदेश सरकारको हो । मुलुकले पुनःसंरचनाको निश्चित अवस्था पार नगरुन्जेल विभिन्न पक्षमा विवादहरू स्वाभाविक रूपले आउने गर्दछन् । राजधानी तोक्दा भौगोलिक अवस्था, स्थानहरूको सामीप्य र दूरी, पूर्वाधार आदि पक्षको विश्लेषण गरेर मात्र तोक्नुपर्दछ ।

प्रदेशको राजधानी तोक्ने सवालमा विभिन्न पार्टीको, अझ पार्टीको भन्दा पनि प्रदेश तहका नेताहरूको, फरक फरक रुचि र चुनाव अगाडि जनतासामु नेताहरूले यसै सवाललाई मूल मुद्दाका रूपमा उठाएर मतदाता आकर्षित गरेका कारण यो सवाल झन् पेचिलो बन्ने पक्का छ । आफ्नै निर्वाचन क्षेत्रमा र घर पायक राजधानी बनाउनु अनि राजधानीवासीका रूपमा आफूलाई पाउने अवसरलाई नेताहरू मात्र नभई स्थानीय जनताले समेत महइभ्वपूर्ण अवसरका रूपमा लिएका छन् । त्यसैले विभिन्न प्रदेशका विभिन्न स्थानमा थरीथरीका विरोधका कार्यक्रम भएका पनि छन् । विगतका विकासका गतिविधिहरू राजधानी केन्द्रित बढी भएका कारण पनि यो सवाललाई महइभ्वका साथ हेर्नु अस्वाभाविक होइन । वास्तवमा सङ्घीयताको मूल अवधारण केन्द्रीकृत विकासको गतिविधिको अन्त्य गर्न, एकात्मकताको दुर्बल पक्षहरू औँल्याउँदै विकसित भएको हो । भविष्यमा वास्तविक सङ्घीयताको स्वाद चाख्न, प्रदेशको स्रोत र साधनको उपयोग गर्न, प्रदेशमै अवसरको सिर्जना गर्न र आफ्नो प्रदेश आफैँले समुन्नत बनाउन सङ्घलाई अधिकारसम्पन्न बनाउँदै प्रदेश सरकार बनाउनुपर्छ ।

सात प्रदेशमध्ये गण्डकी प्रदेश ४, कर्णाली प्रदेश ६ र सुदूरपश्चिम प्रदेश ७ ले नाम टुङ्ग्याइसकेका छन् । अन्य चार प्रदेशमा नाम राख्ने जटिल काम कार्य अवधि आधा सकिँदासमेत हुन सकेको छैन । पहिचान र सामर्थ्यका आधारमा प्रदेश विभाजन गर्ने भनिए पनि नेपालजस्तो बहुलताले भरिपूर्ण मुलुकमा एउटाको पहिचान स्थापित गर्दा अरू सयौँको पहिचान गुम्ने कारणले नामकरण भूगोलका आधारमा गर्दा राम्रो हुन्छ ।

जुन कुरा नाम राखिसकेका तीन वटा प्रदेशले पनि प्रष्ट्याएका छन् । प्राकृतिक आधारहरू जस्तै हिमाल, नदी वा प्रख्यात स्थलका नाममा प्रदेशको नाम राखियो भने सर्वमान्य बन्न सक्छ, अन्यथा यो झगडाको बीउ मात्र हुन्छ । प्रदेश १ को नाम सगरमाथा, कञ्चनजङ्घा, कोशी वा पूर्वाञ्चल प्रदेश राख्नु ठीक होला । त्यसैगरी प्रदेश २ को मिथिला, जानकी वा जनकपुर प्रदेश, ३ को मध्य प्रदेश, राजधानी प्रदेश, बाग्मती, जुगल वा गौरीशंकर प्रदेश वैकल्पिक नाम हुनसक्छ । प्रदेश ५ को नाम लुम्बिनी, गौतम बुद्ध वा यस्तै कुनै साझा नाम खोज्नु उत्तम होला । जात जनजाति, धर्म वा अन्य संकुचित हिसाबले नामकरण भएको खण्डमा शान्ति भंग हुनसक्छ ।

मुलुकमा यतिखेर सहरीकरणको प्रक्रिया तीव्र रूपमा अगाडि बढिरहेको छ । गाउँका कुनाकन्दर ासमेत नगरपालिका घोषणा गरेर हामी धेरै नेपालीहरू नगरवासी त भएका छौँ तर नगरमा हुनुपर्ने न्यूनतम पूर्वाधारहरू विकास नहुनाले नाम मात्रको नगरवासी भएका छौँ । सुरुमै पूर्वाधार नभएको अवस्थामा र भएका सीमित संरचनाहरू पनि २०७२ को विनाशकारी भूकम्पले ध्वस्त बनाएको अवस्थामा स्थानीय होस् वा प्रदेश, सबैको पूर्वाधार र संरचनाहरू निर्माण पुनर्निर्माण गर्नुपर्ने आवश्यकता छ ।

मुलुकमा गाउँबाट सहर र पहाडबाट तराई बसाइँ सर्ने क्रम रोक्न, बविकासको फल न्यायोचित रूपमा सबै ठाउँका जनताले प्राप्त गर्ने हो भने प्रत्येक प्रदेश उत्तिकै सम्पन्नशाली बनाउनु जरुरी छ । यसका लागि भइरहेका सहर वा बजारमा प्रदेश राजधानी बनाउनुभन्दा भौगोलिक सम्भावना हेरेर नयाँ ठाउँमा राजधानी बनाउनु उपयुक्त हुन्छ यसबाट कम्तीमा एउटा एउटा नयाँ ठाउँ प्रदेश राजधानी बनाउने बहानामा नयाँ सहरका रूपमा विकसित होस् । अर्को पक्ष यसले बसाइँसराइ र जनसंख्याको चापलाई पनि सन्तुलित गर्दछ । नयाँ ठाउँमा विकासका पूर्वाधारहरू खडा हुन्छन् । वास्तविक सहरीकरणको प्रक्रिया अघि बढ्छ । त्यस स्थानको स्रोत साधनको उपयोग हुन्छ । भइरहेको सहरमा जनसङ्ख्या चाप नियन्त्रण हुन्छ । फोहोर, खानेपानी, रोजगारी, सडक जाम आदिको व्यवस्थापन हुन्छ । ऐतिहासिक र सांस्कृतिक संरचनाहरू जोगाउन सजिलो हुन्छ । सुन्दर सहर निर्माण गर्न भइरहेको सहरलाई पनि सजिलो हुन्छ र नयाँ बन्दै गरेको सहर पनि योजनाबद्ध रूपले बनाएर एउटा नमूना सहरको रूपमा विकसित गर्न सकिन्छ । स्थानीयले आफ्नो स्वाभिमान उँचो भएको ठान्छन् ।

राष्ट्रिय एकतामा समेत टेवा पुग्छ र सीमित व्यक्तिहरूको जुँगाको लडाइँ अन्त्य हुन्छ । अतः स्वार्थ कुनै सहरलाई प्रदेश राजधानी नतोकी नयाँ स्थानको सम्भावनाको खोजी गर्दा सबैको भलाइ होला । मुलुक पुनः संरचनाको उद्देश्य भइरहेको सहरलाई थप अस्तव्यस्त बनाउनु होइन । गाउँलाई सहर बनाउनु र भइरहेको सहरलाई व्यवस्थित गर्नु हो । गाउँ र सहरबीचको खाडल पुर्नु हो । बसाइँसराइको तीव्रता रोक्नु हो । स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गर्दै मुलुकका होनहार युवा कामको खोजीमा विदेशिनबाट रोक्नु हो र मुलुक एउटा समद्धशाली देशको रूपमा रूपान्तरण गर्नु हो ।

वास्तवमा समय आधा गुज्रिसकेको अवस्थामा प्रदेश नामकरण र राजधानी तोक्ने काम अविलम्ब गर्नुपर्दछ । अन्यथा अरू जे जस्ता काम गरे पनि प्रदेश सरकारले भन्ने र देखाउने यो कामबाट पछाडि हट्दै काम सम्पन्न गर्न नसकी समय सकियो भने जनताले माफ दिनेछैनन् । आखिर केले छेकेको छ नाम र राजधानी तोक्न ? बरु प्रत्येक निर्णयहरू गर्न गराउन अझ सजिलो भएको छ । तथापि कमभन्दा कम विवाद हुने ढङ्गले विवेकपूर्ण हिसाबले नाम र राजधानी तोक्नु चुनौतीपूर्ण काम हो ।

## लेखक तथा पाठकवर्गमा अनुरोध

**तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।**

**मध्यान्ह राष्ट्रिय दैनिक**
इमेलः article .madhyanhadaily@gmail .com

# साइबर अपराध मुद्दा चलाउन केन्द्र धाउनुपर्ने बाध्यता

**महोत्तरी/मस-** जिल्ला प्रहरी र प्रदेश प्रहरीलाई साइबर अपराधसम्बन्धी उजुरीमा मुद्दा चलाउने अधिकार नहुँदा पीडित पक्ष निरुत्साहित भइरहेका छन्। विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ ले प्रहरी प्रधान कार्यालयलाई अनुसन्धान र मुद्दा दर्ता गर्न दिएको अधिकार मुलुक संघीयतामा गइसक्दा पनि जिल्ला र प्रदेशले पाएको छैन ।

साइबर अपराधमा कारवाही गर्ने अधिकार नभएकाले प्रदेश-२ का प्रहरी कार्यालयहरूले पीडितको उजुरीलाई प्रहरी मुख्यालयको साइबर ब्यूरो वा केन्द्रीय असुन्धान ब्यूरो (सीआईबी) मा पठाउँछन् । यसले गर्दा ऐन आएको दशकपछि पनि काठमाडौं बाहिर प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

सम्पूर्ण कानूनी प्रक्रिया काठमाडौंमा हुने थाहा पाएपछि जाने आउने झन्झटले उजुरी फिर्ता लिएको पीडितहरुले बताउँदै आएका छन्। संघीयतामा गइसकेको मुलुकमा साइबर अपराधसम्बन्धी उजुरी र मुद्दाको छिनोफानो गर्ने अधिकार अहिलेसम्म केन्द्रलाई मात्र हुनु न्यायोचित नभएको उनीहरुको भनाइ छ । 'घरकै वाइफाइको पासवर्ड ह्याक हुँदा पनि मुद्दाको छिनोफानोका लागि काठमाडौं जानुपर्ने अवस्था छ', पीडित एकजनाले भने 'काठमाडौं बाहिर पनि जनता बस्छन्, साइबर अपराधबाट पीडित हुन्छन् भन्ने सरकारले बुझ्नु पर्ने हो ।'

यसबाट जिल्ला प्रहरी पनि असन्तुष्ट छ। जिल्ला प्रहरी कार्यालय महोतरीका प्रहरी उपरिक्षक श्याम कुष्ण अधिकारीले भने 'साइबर अपराधबारे उजुरी परे केन्द्रमै पठाउँछौं, अनुसन्धान र मुद्दा दर्ता गर्नेलगायत सम्पूर्ण कानूनी प्रक्रिया उतै हुन्छ। प्रदेश मातहतका प्रहरी कार्यालयलाई कारवाही गर्ने अधिकार नहुँदा पीडितले शीघ्र सेवा र न्याय पाउने स्थिति नरहेको हो ।'




उनले अगाडि भने, 'बयान र बहसका प्रक्रिया काठमाडौंमा चल्ने हुँदा आरोपीलाई लैजान र ल्याउन प्रहरीलाई समस्या छ, बोलाएको बेला उपस्थित हुनुपर्ने हुनाले पीडितलाई पनि आवागमन, बसोबास र समय व्यवस्थापनमा गर्न गाह्रो हुन्छ ।'

महोतरी प्रहरीमा वेबसाइट तथा कारोबारीको खाता ह्याक गरिएको, गोप्य रुपले अरुको तस्बिर र भिडियो खिचेर सार्वजनिक गरिएको, फेसबुक र म्यासेन्जरमा गालीगलौज गरिएको तथा अरुको चरित्र हत्या हुने खालका पोस्ट गरिएको विषयका उजुरी परिरहेका हुन्छन् । मुद्दा चलाउने अधिकार नभएकाले उजुरीको तथ्यांक जिल्ला र प्रदेश प्रहरी कार्यालयले राखेको छैन ।

साइबर सम्बद्ध अपराध गर्नेलाई हदैसम्म सजाय गराएर निरुत्साहित गर्नुपर्छ भन्ने उद्देश्य हो तर व्यावहारिक कठिनाइका कारण पीडितकै चाहनामा प्रहरी मिलापत्र गराउन बाध्य हुने गरेका छन् । साइबर अपराधमा दोषी ठहर भएकालाई न्यूनतम ५० हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिवाना र छ महिनादेखि पाँच वर्षसम्म कैद सजाय हुने प्रावधान छ ।

प्रदेश प्रहरीलाई विद्युतीय कारोबार ऐनसम्बन्धी उजुरी हेर्ने अधिकार नहुँदा यससंग सम्बन्धित अधिकांश मुद्दा न्यायिक निकायसम्म नपुग्ने जिल्ला अदालत महोतरीका श्रेस्तेदार मनोज श्रीवास्तव बताउँछन् । चुस्त र दुरुस्त न्यायका लागि प्रदेश प्रहरीलाई अधिकार दिइए पीडित पक्षमा उपयोगी कदम हुनेछ। उनले भने, 'साइबर अपराधमा सम्बन्धमा कारबाही अघि बढाउँदा आरोपीलाई उच्च अदालतमा उपस्थित गराउनुपर्ने हुनाले प्रहरीलाई स्रोतसाधनको हिसाबले चुनौती छ।'

# अष्ट्रेलियाको धुँवा दक्षिण अमेरिकामा



**मोन्टेभिडिआ/एजेन्सी-** अष्ट्रेलियामा भइरहेको आगलागीका उत्पन्न धुँवा दक्षिण अेमरिकी मुलुकसम्म पुगेको छ। अधिकारीले मंगलबार दिएको जानकारीअनुसार अष्ट्रेलियाको धुँवा दक्षिण अमेरिकी मुलक उरुग्वेसम्म पुगेको छ । 'यही जनवरी ६ सोमबार दिउँसोदेखि हामीले उरुग्वेको आकाशमा धुँवाका झुल्कोहरु देखिन थालेका छन्,' उरुग्वेको मौसम विज्ञान विभागद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

अष्ट्रेलियामा लागेको ठूलो डढेलोका कारण उत्पन्न धुँवाले त्यस क्षेत्रका अन्य देशसमेतमा असर पारेको छ। विभागका प्रविधि व्यवस्थापक लुकिया चिपोनेल्लीले उरुग्वेका सञ्चारमाध्यमलाई दिएको जानकारीअनुसार अष्ट्रेलियाबाट आएको धुँवाले उरुग्वेको वायुमण्डलसमेतलाई प्रदूषित गराएको छ । उनले सो धुँवाकै कारण मानवीय स्वास्थ्यमा ठूलो असर पर्ने अवस्था भने नरहेको स्पष्ट पारे । अष्ट्रेलियाको धुँवा प्रशान्त महासागर हुँदै झण्डै १३ हजार किलोमिटरपछि दक्षिण अमेरिका आइपुगेको उनले बताए । गत सेप्टेम्बरदेखि सुरु भएको आगलागी अष्ट्रेलियामा अहिले पनि जारी छ। आगलागीका कारण कम्तीमा २५ जनाको मृत्यु भएको, लाखौं जंगली जनावर जलेर मरेको र ठूलो मात्रामा जंगल नष्ट भएको छ ।

# अवैध रुपमा नेपाल प्रवेश गर्न लागेका ५ विदेशी नियन्त्रणमा



**वीरगञ्ज/मस-** नेपाल-भारत मैत्री बसमा अवैध रुपमा नेपाल प्रवेश गर्न लागेका चार भुटानी र एक तिब्बती नागरिक पक्राउ परेका छन् । भन्सार हुँदै नेपाल प्रवेश गर्न लागेको अवस्थामा उनिहरुलाई वीरगन्ज भन्सारमा चेकजाँच गर्ने क्रममा पक्राउ गरिएको अध्यागमन कार्यालयले जनाएको छ ।

पक्राउ पर्नेमा भुटानी नागरिक ६५ वर्षीया डोल्मा तामाङ, ४३ वर्षीया छोदेन तामाङ, १९ वर्षीया छुन्दु लह्मो, ७० वर्षीय ज्ञान बहादुर तामाङ र तिब्बती नागरिक ४० वर्षीया कुन्छोक तसोमो रहेका छन् । पक्राउ परेका पाँचै जनालाई आवश्यक अनुसन्धानको लागि वीरगन्ज अध्यागमन कार्यालयको जिम्मा लगाइएको बताइएको छ ।

वीरगन्ज भन्सार स्थित सशस्त्र प्रहरीको भन्सार राजश्व गस्ती टोलीले नेपाल भारत मैत्री बसमा चेकजाँच गर्ने क्रममा उनीहरुलाई पक्राउ गरेको हो । भारतको बोधगयाबाट काठमाडौंतर्फ आउँदै गरेको बा ५ ख २३८८ नम्बरको नेपाल भारत मैत्री बसमा ४० जना यात्रु सवार थिए ।

जसमध्ये पाचँजनासंग पासपोर्ट नभेटिएपछी नियन्त्रणमा लिई आवश्यक अनुसन्धानको लागि अध्यागमन विभाग काठमाडौंमा पठाइएको थियो । सशस्त्र प्रहरीले यात्रुसंग सोधपुछको क्रममा पहिचान पत्र बाहेक पासपोर्ट नभेटेपछि सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६८/०७/१६ मा दर्ता भएको **प्रा.लि. नं. ५२** को **जेपी ब्रदर्श मेडिकल पब्लिशर्स प्रा.लि.** सम्पर्क कार्यालय नामक कम्पनी यस कार्यालयको मिति २०७६/०९/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७५/१२/२६ मा संस्थापना भएको **स्मारिका व्युटीपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि. नं. २१२७२६** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०७४/०४/३२ मा संस्थापना भएको **नेपा सोलार सोलुसन्स प्रा. लि. नं. १७३२१९** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**UAE मा GCC/Nepali Lic. भएका Driver हरुलाई रोजगार**
مؤسسة تاكسي دبي Dubai Taxi Corporation | RTA Roads and Transport Authority عضو في هيئة الطرق والمواصلات
**Dubai Taxi Corporation (Rta)**
पूर्व स्वीकृत मिति: २०७४/१०/१९ पुन स्वीकृत मिति: २०७६/०९/२३
चलानी नं.: ६०१२५८४१ पुन चलानी नं.: ५९०
LT. No.: 204768

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver | 229 | 0 | स. काममा दक्ष | 2000 | ६२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अंग्रजी बोल्न र पढ्न सक्ने भई कम्तिमा २ वर्षको अनुभव हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, अनामनगर, काठमाडौंमा माघ ४ गते (18 Jan. 2020) मा सि पि होटल विर्तामोड, झापामा माघ ५ गते (19 Jan. 2020) मा होटल खुकुरी इटहरी, सुनसरीमा माघ ६ गते (20 Jan. 2020) मा होटल रेड कार्पेट, चितवनमा माघ ७ गते (21 Jan. 2020) मा बाजेको सेकुवा पोखरा, कास्कीमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHRS **Deluxe HR Solution (P.) Ltd.**
बिजुलीबजार पुल नजिक, काठमाडौं, फोन : ०१-५१७२६८४, ९८६७०४३९८७, ९८०२८४०९०५ Lic. No.: 956/067/068

**कुवेतमा रोजगार** | कम्पनी: ALAIN GROUP TECHNICAL SECURITY FOR CITIES SERVICES COMPANY W.L.L. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/०९/२३ चलानी नं.: ६०१४९८०१ L.T. No.: 230808

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper / Steward | 0 | 20 | स. काममा दक्ष | 100 | ३७,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २ गते (16 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHR **Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Tinkune, Kathmandu, Tel.: 01-4111889, Fax : 4111890
MOb.: 9808117170
Gov. lic. No. 789/065/66

**कतारमा रोजगार** | कम्पनी : GULF COAST SPECIALIZED VETERINARY SERVICES शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७६/०९/२३ चलानी नं.: ६०१४९७७९ LT. No.: 230559

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 900 | २८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २ गते (16 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Dream & Guide System Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Tel.: 01-4356478, 4355307, Fax : 01-4386871
Email: dreamguidesystem@gmail.com, website: www.dreamandguide.com
श्रम इजाजत नं. ६७१/०६३/०६४

**साउदीमा रोजगार** | कम्पनी : HAFAIL COMPANY ONE PERSON COMPANY शहर: SAUDI
पुर्व स्वीकृत मिति: २०७६/०९/२३ चलानी नं.: ६०१४९७७६ L.T. No.: 230680

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plastic Bag Producting Line Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २ गते (16 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-5, Kathmandu Nepal, Tel :- 00977-1-4355073, 4357074
Email :- agencyfcr@gmail.com

**UAE मा वैदेशिक रोजगारको अवसर**
कम्पनी: PURE HOME CLEANING SERVICES LLC शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७६/०९/२२ चलानी नं.: ६०१४९७५४ LT. No.: 230570

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 15 | स. काममा दक्ष | 900 | २८,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ २ गते (16 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार बिभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आइ.एम.एस. म्यानपावर प्रा. लि.**
पो.ब.नं. ८९७३, एनपिसि ७१८, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४६४७७०, फ्याक्स: ४४६५०४९
Email: info@imsmanpower.com, imsmanpower@yahoo.com, imsmanpower2@gmail.com
Web: www.imsmanpower.com.np
Govt. Lic. No. 443/060/061

**कतारमा रोजगार** | कम्पनी: SHAMS AL WATAN TRADING AND CONTRACTING CO WLL शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७६/०९/२३ चलानी नं.: ६०१४९७९३ LT. No.: 230775

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 13 | 0 | स. काममा दक्ष | 900 | २८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Black Smith | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 4. | Brick Mason | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ७८,७०० | | | | | | | |
| 6. | Building Worker | 2 | 0 | | 900 | २८,३३० | | | | | | | |
| 7. | Driver | 1 | 0 | | 1400 | ४४,०७० | | | | | | | |
| 8. | Electric Tech. | 1 | 0 | | 1500 | ४७,२२० | | | | | | | |
| 9. | Electrician (Gen.) | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 10. | Ceramic Worker | 2 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 11. | Painter | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 12. | Mason | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 13. | Plumber | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 14. | Pipe Fitter | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 15. | Plaster Worker | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 16. | Tile Maker | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |
| 17. | Technician | 1 | 0 | | 1100 | ३४,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ३ गते (17 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H.R. International Employment Services Pvt. Ltd.**
(SCM MANPOWER COMPANY PVT. LTD.)
Gov. Lic No. 247/058/059
House no:268-01, (Opposite to nova Academy) Dhapasi,Basundhara-8, Kathmandu
G.P.O. box no 8974 CPC 203, Tel.: 4359611, 4358512, Mob.: 9851039487, 9851064896, 9801080947, 9851019574
E-mail: hrintl2016@gmail.com, Web: www.hrintnepal.com

# प्रहरी अभियानमा साथ दिनेलाई सम्मान



**बागलुङ/मस–** जिल्ला प्रहरी कार्यालय बागलुङले सञ्चालन गरेको लागुऔषध दुर्व्यसन विरुद्धको अभियानमा साथ दिएको भन्दै स्थानीय तहलाई सम्मान गरेको छ। प्रहरी प्रधान कार्यालयले पठाएको सम्मानपत्र बागलुङ प्रहरीले स्थानीय तहका प्रमुखलाई हस्तान्तरण गरेको हो ।

लागुऔषध विरुद्ध एक वर्षदेखि प्रहरीले सचेतना अभियान थालेको छ। यो अभियानमा दर्जनौं व्यक्तिलाई पक्राउ गरेर कारवाही गरेको छ भने दर्जनौं विद्यालय, सामाजिक संस्था र कलेजमा पुगेर लागुपदार्थ सेवन गरे नगरेको परीक्षण पनि गरेको छ। यो अभियानमा स्थानीय तहले साथ र सहयोग गरेको जिल्ला प्रहरी प्रमुख नवराज भट्टले बताए ।

प्रहरीको अभियानमा निरन्तर साथ दिएको भन्दै नेपाल पत्रकार महासंघका अध्यक्ष दिल शिरिषलाई पनि सम्मान गरिएको थियो । उक्त अवसरमा प्रहरी उपरीक्षक भट्टले लागि समाज, घर परिवारको बेवास्ताले लागुपदार्थ दुर्व्यसन बढेको भेटिएको बताए । किशोर अवस्था र युवा अवस्थामा परिवारको साथ र सहयोग नपाउने, आमा बाबुसंगै नहुने, सानोतिनो गल्ती गर्दा सम्झाउने बानी नहुनु जस्ता कारणले दुर्व्यसनमा पुग्ने गरेको बताए ।

'आमाबाबुलाई थाहा छ, तर समाजको अगाडि राम्रो देखिन 'होइन', 'छैन' भन्ने प्रवृत्तिले पनि युवा दुर्व्यसनमा फसेका छन्,' भट्टले भने, 'समयमा सम्झाएको भए त्यो युवा फस्ने थिएन ।' घरपरिवारले लुकाएकै कारण कतिपय युवाहरुको दुर्व्यसन परीक्षणसमेत गर्न नसकिएको उनले बताए । कार्यक्रममा बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले दुर्व्यसनमा युवा फस्न नदिने अभियानमा प्रहरीले गरेको कामको प्रशंसा गरे । उनले जनप्रतिनिधि र नगरपालिकाको तर्फबाट संस्थागत गर्न सकिने सहयोग गर्ने बताए ।

लागुपदार्थ सेवन गरे नगरेको थाहा पाउन पिसाब परीक्षण गर्नुपर्छ। उक्त परीक्षणका लागि चाहिने किट महँगो पर्ने भएकाले प्रहरीले खर्च गर्न नसकेको समेत बताइएको छ। विभिन्न संघ संस्था, सामुदायिक प्रहरी सेवा केन्द्र रामरेखा र गुठी लगायतबाट पाएको सहयोगले धेरै काम गर्न सकिएको उनले बताए। पौडेलले प्रहरीको यो अभियानका लागि तत्काल एक सय जनालाई परीक्षण गर्न सहयोग दिने घोषणा गरे ।

उक्त अवसरमा जैमिनी नगरपालिकाका प्रमुख इन्द्रराज पौडेलले युवा दुर्व्यसनमा फस्दा समाजको विकासक्रमसमेत रोकिने बताए । उनले त्यसका लागि नगरपालिकामा प्रहरीको अभियानलाई निरन्तर स्वागत गर्ने भन्दै आवश्यक किटका लागि पनि साथ दिने भनाइ राखे ।

ग्रामीण बस्तीमा पनि युवामा दुर्व्यसन बढेको भन्दै गलकोट नगरप्रमुख भरत शर्मा गैरे, काठेखोला गाउँपालिका अध्यक्ष अमर थापा र तमानखोला गाउँपालिका अध्यक्ष जोकलाल बुढाले पनि साथ दिने बताए । अभियानका लागि प्रहरीले आमा समूहलाई परिचालन गरेको छ । जिल्लाका सहकारी संस्था, आमा समूह र अन्य संस्थाको माध्यम बनाएर परीक्षणका लागि किट खरीद गर्ने काम बाहेक अभिमूखिकरण र सचेतना अभियान पनि चलाएको प्रहरीले बताएको छ । प्रहरीका अनुसार अघिल्लो आर्थिक वर्ष प्रहरीले दुईवटा नागरिक सुनुवाइ, तीन वटा प्रहरीसंग एक दिन, १२ वटा अभिमूखिकरण, दुई स्थानमा गाँजा फँडानी, आठ स्थानमा सफाइ, ४० वटा विद्यालय कार्यक्रम र ३१ वटा लागुऔषध विरुद्धको सचेतना कार्यक्रम गरेको थियो ।

चालू वर्ष पनि प्रहरीले दुईवटा प्रहरीसंग एक दिन, पाँचवटा अभिमूखिकरण, चार स्थानमा सफाइ, दुई स्थानमा गाँजा फँडानी, ९४ वटा लागुपदार्थ विरुद्धको अभिमुखिकरण र ८० वटा विद्यालय अभियान सञ्चालन गरेको हो । बजेट अभावले सोचेका सबै स्थानमा कार्यक्रम गर्न नसकिएको भट्टको भनाइ थियो । राजनीतिक दल, सामाजिक संस्था र स्थानीय तहको सहयोग पाउँदा दुर्व्यसन विरुद्धको अभियानमा सफलता पाउन सकिने उनले बताए ।

# दुवै सदनबाट पारित विज्ञापन ऐनविरुद्ध सर्वोच्चमा रिट



**काठमाडौं/मस-** संघीय संसद्का दुवै सदनबाट पारित विज्ञापन नियमन गर्ने सम्बन्धी ऐनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । अधिवक्ता अनन्तराज लुइँटेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई बुधबार विज्ञापन नियमन गर्ने सम्बन्धी बनेको ऐन, २०७६ विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका हुन् । संवैधानिक इजलासमा दायर गरेको रिट उक्त विधेयक दुवै सदनबाट पारित भएको छ । विज्ञापन ऐनले अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचन गरेको उल्लेख गर्दै ऐन कार्यान्वयन नगर्न भनिएको छ ।

राष्ट्रपतिबाट २०७६ कात्तिक ८ गते प्रमाणीकरण भई लागू भइसकेको ऐनले संविधान प्रदत्त हक अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हकसमेत कुण्ठित गरेको रिट निवेदकमा उल्लेख छ । विज्ञापन नियमन गर्ने सम्बन्धमा बनेको ऐनको दफा ८ को उपदफा १ र २ को खास समय निर्धारण गर्न सक्ने, दफा १५ उपदफा 'ख' को सञ्चारमाध्यमबाट प्रसारण गरिने सामग्रीको परीक्षण गर्न तोकिएका आधारमा मापदण्ड तयार गर्ने व्यवस्थाले प्रत्यक्षतः विज्ञापनमा पूर्वप्रतिबन्ध लगाएको निवेदनमा उल्लेख छ ।

ऐनको दफा २३ (४) मा उपदफा (३) बमोजिमको मापदण्ड पालना नगरिए रु एक लाखसम्म जरिवाना गरिने र उपदफा (५) मा यस ऐनअन्तर्गत बन्ने नियमावलीबमोजिम प्रदेश सरकारले नियमनको व्यवस्था निर्धारण गराउने व्यवस्थासमेत बदर गर्नुपर्ने माग छ ।

निवेदनमा ऐनको दफा २४ मा भएको छापा तथा विद्युतीय सञ्चारमाध्यमको विज्ञापनको अनुगमन र नियमन स्थानीय तहले गर्न पाउने व्यवस्थालाई असंवैधानिक भएको उल्लेख छ । दफा २५ को उपदफा (४) मा स्पष्ट रुपमा कुनै सम्पादकले समेत ऐनको उल्लिखित व्यवस्थाको प्रतिकूल हुने गरी कुनै कुरा प्रकाशन गरेमा सजायको भागिदार हुने व्यवस्थालाई बदरको माग गरिएको छ ।

# पाल्पा अस्पतालको अनुगमन

**पाल्पा/मस–** अस्पतालले दिएको सेवा र पूर्वाधारको अवस्था बुझ्न संघीय सांसद सहितको टोलीले पाल्पा अस्पतालको स्थलगत अनुगमन गरेको छ। अस्पतालले दिइरहेको सेवामा गुनासो बढेपछि जनप्रतिनिधि, व्यवस्थापन पक्ष, पत्रकार र राजनीतिक दलका प्रतिनिधिहरूको टोलीले अस्पतालको स्थलगत निरीक्षण गरेको हो ।

स्थलगत निरीक्षणका क्रममा अस्पतालमा आवश्यक औषधि नभएको, रिफरका बिरामीले घण्टौं लाइनमा बस्नुपरेको, शौचालय व्यवस्थित नभएको र बिरामीले पिउने पानी सहज उपलब्ध नभएको पाइएको छ ।

यस्तै सेवाग्रहीले समयमा सेवा नपाएको, कर्मचारीको व्यवहार राम्रो नभएको, इमर्जेन्सीमा आएका बिरामीलाई फर्काइएको गुनासो समेत निरीक्षणका क्रममा पाइएको संघीय सांसद सोमप्रसाद पाण्डेयले बताए ।

अस्पताल र अस्पतालका कर्मचारीले गर्न सक्ने काम समेत नगरेको पाइएको छ । अनुगमनपछि भएको छलफलमा अस्पताल व्यवस्थापन समितिका नवनियुक्त अध्यक्ष नेत्रप्रसाद पाण्डेयले अस्पताल सुधार गर्न सकिने विस्वास व्यक्त गरे ।

# नवल 'राष्ट्रवादी नायक सम्मान २०७६' बाट सम्मानित



काठमाडौं/मस- नवल खड्का 'राष्ट्रवादी नायक सम्मान २०७६' बाट सम्मानित भएका छन्। दाङमा आयोजित 'बुद्ध सरयू चलचित्र महोत्सव २०७६'मा नायक एवं निर्माता खड्कालाई उक्त सम्मान दिइएको हो । कार्यक्रममा प्रदेश न.५ का माननीय सभामुख पूर्ण बहादुर घर्ती, माननीय सांसद दामा शर्मा, सरस्वती गौतम, अमर डाँगी र ईन्द्र जित थारू लगायतले उनलाई राष्ट्रिय झण्डा ओढाएर सम्मान दिएका थिए ।

कार्यक्रममा निर्देशक नवीन सुब्बा, निर्देशक र निर्माता मुनाल घिमिरे, अमृत सुनुवार, बिनोद श्रेष्ठ, अनुप सुवेदी लगायत सम्मानित भएका थिए । मंगलबारबाट सुरु भएको महोत्सव तीन दिनसम्म चल्नेछ। महोत्सव दाङका विभिन्न पक्षहरुको प्रचारप्रसार गर्ने उदेश्यले आयोजना भएको हो। नवल नेपाली चलचित्र क्षेत्रका एक अब्बल नायक एवं निर्माता हुन्। नवलले राष्ट्रवादी विषयमा दशगजा, भीमदत्त लगायतका चलचित्र निर्माण गरेका छन्। उनी अहिले सिमाना काढेतार अभियानका संयोजक पनि हुन् ।

# समयमै उपचार नपाउँदा सुत्केरीको मृत्यु



**काठमाडौं/मस–**समयमै स्वास्थ्य संस्था र एक्बुलेन्स सेवाका लागि सम्पर्क गर्न नपाउँदा मुगुमा एक महिलाको मृत्यु भएको छ। मुगुको छायाँनाथ रारा नगरपालिका-१० जिउला गाउँकी ३५ वर्षीया धनरुपा विकको बुधबार सुत्केरी भएपछि अत्यधिक रक्तश्राव हुँदा मृत्यु भएको हो । थप उपचारका लागि जिल्ला अस्पताल लैजान एम्बुलेन्स र स्वास्थ्यकर्मीलाई सम्पर्क गर्न नसक्दा उपचार नपाएर उहाँको अकालमै ज्यान गएको श्रीमान् रामबहादुर विकले बताए । उनले भने 'घरमै सुत्केरी भए पनि सालनाल नभएको र अत्यधिक रक्तश्राव भएपछि छिटो जिल्ला अस्पतालमा पुऱ्याउन नगरपालिका र जिल्ला अस्पतालका एम्बुलेन्सलाई खबर गर्न खोज्यौं, मोबाइलका टावर नहुँदा सम्पर्क हुन सकेन, बोकेरै अस्पतालमा लैजाँदै गर्दा बाटोमै मृत्यु भयो', रामबहादुरले भने। आमाको बाटैमा मृत्यु भएपछि नवजात बच्चाको विचल्ली भएको छ ।

लगातारको हिमपातले गत बिहीबारबाट मुगु र हुम्ला जिल्ला सञ्चारविहीन भएको छन्। सञ्चार अभावकै कारण समयमै अस्पताल पुऱ्याउन नसक्दा महिलाको मृत्यु भएपछि स्थानीय आक्रोशित भएका छन् । मृतक विकको गाउँबाट जिल्ला अस्पताल तीन घण्टाको पैदल दूरीमा टाढा रहेको छ। विकले यसपटक पाचौं सन्तान जन्माएकी थिइन् ।


**पाल्पा बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं, नेपाल ।
फोन: ४२३०३१०, ईमेल : palpasacos@gmail.com
को

**११ औं वार्षिक साधारणसभा बस्ने बारेको सूचना**

पाल्पा बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७६ पुस ५ गतेको सञ्चालक समितिको ३०औं वैठकको निर्णय अनुसार ११औं वार्षिक साधारणसभा निम्न मिति र स्थानमा हुने भएकोले सम्पूर्ण सदस्यहरुलाई उपस्थितीका लागि अनुरोध गर्दछौं ।

**छलफलका बिषयहरू:**
१. आ.ब.०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने ।
२. आ.ब.०७५/०७६ को लेखापरीक्षण प्रतिवेदनमा छलफल र पारित गर्ने ।
३. आ.ब.०७६/०७७ को कार्यक्रम संशोधन तथा आ.ब.०७६/०७७ को लागि अनुमानित वार्षिक बार्यक्रम बजेटमा छलफल गरी पारित गर्ने ।
४. आ.ब.०७६/०७७ को लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. साधारणसभाको निर्णय प्रमाणित गर्ने सदस्यहरुको चयन गर्ने ।
६. संस्थाको विनिमयको पुनर्लेखन समितिको चयन गर्ने ।
७. सञ्चालक समितिको निर्वाचन
८. विविध ।

**सभा हुने मिति, स्थान र समय:**
मिति : २०७६ पुस २६ गते शनिबार
स्थान : परानो बसपार्क, वडा-२८, को सभा हल (सिटी मार्टको माथि)
समय : बिहान ११:०० बजे



**Qatar मा रोजगार** **1. AL SIDDIQI RETAIL.., Doha, Qatar**

पूर्व स्वीकृती मिति २०७६।०९।२३ चलानी नं. ६०१४९७९२ LT.No. 230831

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailors | 01 | काममा दक्ष | 1100 | ३४,६३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**2. INCH FACTORY, Doha, Qatar** पूर्व स्वीकृती मिति २०७६।०९।२३ चलानी नं. ६०१४९७८६ LT.No. 230830

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailors | 08 | काममा दक्ष | 1100 | ३४,६३०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | रु १०,०००/- कामदारले |

**अन्तर्वार्ता माघ १ गते (15 Jan., 2020) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला।

**Earth Smart Human Resources Nepal Pvt. Ltd.**
गौशाला, रातोपुल, काठमाण्डौ, फोन नं.: ०१-४४८८२८६, ४४८७९८५
Email: info@earthsmart-nepal.com,www.earthsmart-nepal.com
श्रम इजाजत न. १०५०/०७३/०७४



**UAE मा रोजगार** **S R R Star Technical Services LLC**

पूर्व स्वीकृती मिति: [illegible] चलानी नं. [illegible] LT No.:230628

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
